
असार - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क ६ | २०७२, असार १६–३१ | पूर्णाङ्क ५५२


प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण बि.क.

सि.क.श्री ध्रुव सापकोटा
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**सुपरभाइजर :** श्री कान्छा श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारी**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी मोतिलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १२ |
| इजलास नं. १ | २२ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | १० |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | २८ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | १ |
| अन्तरिम आदेश | ६ |
| जम्मा | ९८ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, असार – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सनसाईन प्रिन्टिङ्ग प्रेस, बागबजार, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १-६ |
| १. | कर्तव्य ज्यान | धनबहादुर नाथ वि. नेपाल सरकार | |
| २. | ठगी | नेपाल सरकार वि. क्रान्ति भन्ने जयप्रकाश राय | |
| ३. | दूरसञ्चार प्रणालीमा प्रतिकूल असर | नेपाल सरकार वि. उमेश कुँवरसमेत | |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रकाशबहादुर शाही | |
| ५. | सवारी ज्यान | नेपाल सरकार वि. विशाल दमाई | |
| ६. | प्रतिषेध / परमादेश | नूरप्रताप ज.ब.रा.समेत वि. सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडसमेत | |
| ७. | निषेधाज्ञा | दशरथलाल कलवार वि. जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत | |
| ८. | निषेधाज्ञा | भगन बढही वि. भूमिसुधार कार्यालय, बाँकेसमेत | |
| ९. | निषेधाज्ञा | सन्तोषी कायस्थ वि. सुकुमार रावल | |
| १०. | निषेधाज्ञा / परमादेश | रामनारायणप्रसाद यादव वि. डाबर नेपाल प्रा.लि. समेत | |
| ११. | प्रतिषेध / उत्प्रेषण | श्याम कवां वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत | |

| इजलास नं. १ | | | ६-१६ |
|---|---|---|---|
| १२. | उत्प्रेषण / परमादेश | यज्ञबहादुर खत्री वि. शिक्षा मन्त्रालय केशरमहल काठमाडौंसमेत | |
| १३. | उत्प्रेषण / परमादेश | खिरू राउत अहिर वि. तेतरीदेवी अहिरनीसमेत | |
| १४. | अदालतको अवहेलना | सर्मीलाकुमारी यादव वि. गोकर्णकुमार थापासमेत | |
| १५. | उत्प्रेषण / परमादेश | सर्मीलाकुमारी यादव वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत | |
| १६. | बन्दी प्रत्यक्षीकरण | जुगराम चौधरीसमेत वि. जिल्ला न्यायाधिवक्ता, सरकारी वकिलको कार्यालय, कैलालीसमेत | |
| १७. | उत्प्रेषण / परमादेश | श्यामबहादुर गौतम वि. दुर्गाजङ्ग गौतमसमेत | |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डम्बरबहादुर भन्ने डम्बरकुमार लिम्बु सावा | |
| १९. | जग्गा खिचोला दर्ता बदर हक कायम | कमले कामी वि. सालिभान भूल (सार्की) समेत | |
| २०. | उत्प्रेषण / परमादेश | शोभेन्द्रराज जोशी वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटारसमेत | |
| २१. | उत्प्रेषण / परमादेश | दीपक आचार्यसमेत वि. ऊर्जा मन्त्रालयसमेत | |

| | | |
|---|---|---|
| २२. | उत्प्रेषण | विपिनबहादुर कर्माचार्य वि. स्वास्थ्य सेवा विभाग, टेकु काठमाडौंसमेत |
| २३. | उत्प्रेषण / परमादेश | दिप्ती गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयसमेत |
| २४. | उत्प्रेषण / परमादेश | किशोरीप्रसाद शर्मा वि. महेन्द्र राउत भूमिहारसमेत |
| २५. | जालसाजी | लक्ष्मीदेवी के.सी. समेत वि. कमलादेवी थापासमेत |
| २६. | अंश चलन | देवदत्त यादवसमेत वि. बिजलीदेवी यादवसमेत |
| २७. | अंश चलन | वीरबहादुर अर्यालसमेत वि. नम्रता अर्यालसमेत |
| २८. | लागुऔषध | नेपाल सरकार वि. दीपक ल्वागुन विश्वकर्मा |
| २९. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. मन्जीत राईसमेत |
| ३०. | निर्णय बदर | औलादेवी राजवंशीसमेत वि. बेदमाया अधिकारीसमेत |
| ३१. | कर्तव्य ज्यान | देवीमाया बास्कोटा वि. नेपाल सरकार |
| ३२. | कर्तव्य ज्यान | खड्गबहादुर सार्की वि. नेपाल सरकार |
| **इजलास नं. २** | | **१६-१८** |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तिलबहादुर नेपाली |

| | | |
|---|---|---|
| ३४. | परमादेश | नलराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३५. | उत्प्रेषण / परमादेश | जयप्रकाश प्रसाद गुप्ता वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाडौंसमेत |
| **इजलास नं. ३** | | **१८-२२** |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिवबहादुर पाण्डेसमेत |
| ३७. | ठगी | नेपाल सरकार वि.आङ छिरिङ लेप्चासमेत |
| ३८. | जबर्जस्ती करणी उद्योग | जमाल अन्सारी वि. नेपाल सरकार |
| ३९. | निर्णय दर्ता बदर खिचोला मेटाई हक कायमसमेत | सुकमाया गुरूङ वि. तुलबहादुर तामाङ |
| ४०. | निषेधाज्ञा | देवलक्ष्मी (दाती नानी) बाराही वि. गोविन्द ताम्राकार |
| ४१. | मिलापत्र बदर दर्ता बदर | राम श्रेष्ठ राय यादवसमेत वि. रामनरेश राय यादवसमेत |
| ४२. | किर्ते जालसाजी | गणेश मल भंसाली वि. बद्रीलाल मण्डलसमेत |

| | | |
|---|---|---|
| ४३. | विष खुवाई कर्तव्य ज्यान | शुकराम भन्ने शुक्रराज थनेत वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२२-२५** |
| ४४. | लागुऔषध खैरो हेरो[illegible] | आकाश के.सी. भन्ने वीरबहादुर खत्री वि. नेपाल सरकार |
| ४५. | उत्प्रेषण / परमादेश | फुलेश्वरीदेवी यादव वि. शशी रन्जन यादवसमेत |
| ४६. | जबर्जस्ती करणी, डाका | नेपाल सरकार वि. सिल्पा भन्ने सिलिप सरवरियासमेत |
| ४७. | अवैध हातहतियार खरखजाना | नेपाल सरकार वि. तुकमान पुन |
| ४८. | उत्प्रेषण | सोनावती महतो वि. सोमन महतोसमेत |
| ४९. | करकाप | दिलिपकुमार साहसमेत वि. रामरती देवीसमेत |
| **इजलास नं. ५** | | **२६-३१** |
| ५०. | कित्ता कायम हा.सा. र दोहोरो स्रेस्ता बदर | धनबहादुर के.सी. वि. शान्तिदेवी ज्ञवाली |
| ५१. | लेनदेन | मु.स. गर्ने फुलकुमारी उराव वि. कलिम मियाँ |
| ५२. | लिखत बदर | राजेन्द्रप्रसाद यादव वि. अकालमती यादवसमेत |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजु मण्डल चन्द्रवंशी |
| ५४. | बन्दी प्रत्यक्षीकरण | रोशन श्रेष्ठ वि. श्री कारागार कार्यालय, काभ्रेपलाञ्चोकसमेत |
| ५५. | उत्प्रेषण | केशवमान अमात्य वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, काठमाडौंसमेत |
| ५६. | उत्प्रेषण / परमादेश | अम्बिका बस्नेतसमेत वि. काष्ठमण्डप डेभलपमेन्ट बैङ्क लिमिटेड, न्युरोडसमेत |
| ५७. | उत्प्रेषण/ परमादेश / प्रतिषेध / अधिकार पृच्छा | अधिवक्ता ओमप्रकाश अर्याल वि. राष्ट्रपतिको कार्यालय, शितल निवास काठमाडौंसमेत |
| ५८. | उत्प्रेषण / परमादेश | हेमलाल हेमचुरीसमेत वि. कृषि विकास बैङ्क, शाखा कार्यालय, तानसेनसमेत |
| ५९. | निर्णय दर्ता बदर दर्ता हक कायम | मु.स. गर्ने प्रकाश पाण्डे वि. मु.स. गर्ने बुद्धिमाया श्रेष्ठसमेत |
| **इजलास नं. ७** | | **३१-३२** |
| ६०. | परमादेश | शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| **इजलास नं. ८** | | **३२-३३** |
| ६१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गुरूदत्त भन्ने विनोद रिमालसमेत |

| | | |
|---|---|---|
| ६२. | चोरी (ट्याक्सी) | नेपाल सरकार वि. छिरिङ लामा भन्ने जिरसिंह तामाङसमेत |
| ६३. | वैदशिक रोजगार | नेपाल सरकार वि.ओम पुनसमेत |
| **एकल इजलास** | | **३३-३४** |
| ६४. | उत्प्रेषण | मचाकाजी महर्जन वि. नानीमयजु महर्जनसमेत |
| ६५. | उत्प्रेषण | सीतादेवी खिडहरि वि. नरेन्द्रकुमार खिडहरिसमेत |
| **रीत/बेरीत आदेश** | | **३४** |
| ६६. | उत्प्रेषण / परमादेश | ताराप्रसाद रिजालसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| **अन्तरिम आदेश** | | **३४-३६** |
| ६७. | उत्प्रेषण | अधिवक्ता सल्लु तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६८. | उत्प्रेषण | किरण पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६९. | उत्प्रेषण | किशोर पौडेलसमेत वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत |
| ७०. | उत्प्रेषण | लक्ष्मीदेवी अर्याल वि. सत्यदेवी गुरूङसमेत |
| ७१. | उत्प्रेषण | रूकान्ती यादवसमेत वि. मालपोत कार्यालय, बारासमेत |
| ७२. | उत्प्रेषण / परमादेश | ताराकुमारी आचार्य वि. परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०७६०, कर्तव्य ज्यान, *धनबहादुर नाथ वि. नेपाल सरकार*

पुनरावेदकले पुनरावेदन पत्रमा जिकिर लिएजस्तो तथ्यको एकप्रकारको साविति मात्र नभै कसुरको सम्बन्धमा पूर्ण साविती नै भएको र निजको सो साविती अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको अवस्थामा केवल पुनरावेदनमा लिएको जिकिरकै आधारमा मात्र निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने।

मृतकलाई मार्ने पूर्वयोजनाअनुसार खुकुरी जस्तो घातक हतियार लिई मृतकलाई रातको समयमा एकान्तस्थलमा लगी टाउकामा खुकुरी प्रहार गरी कर्तव्य गरेको र लासलाई दबाए छिपाएको देखिँदा पक्राउपछि अनुसन्धान र अदालतमा समेत कसुरमा सावित हुँदैमा अदालती प्रक्रियालाई सहयोग पुर्‍याएको मानी सजायबाट उन्मुक्ति दिन वा छुट दिन मिल्ने नदेखिने।

लालकुमारीलाई कर्तव्य गरी ज्यान मारेको कसुरमा निज प्रतिवादी धनबहादुर नाथलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई पुनरावेदन अदालत, तुल्सीपुरबाट मिति २०६७।२।१२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वर पराजुली

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६७-CR-०६१२, ठगी, *नेपाल सरकार वि. क्रान्ति भन्ने जयप्रकाश राय*

मुलुकी ऐन, ठगीको महलको ४ नं. मा "ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम र बिगो कायम नभएमा पाँच हजारसम्म जरिवाना र पाँच वर्षसम्म कैद हुने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम ठगी गरेको कसुरमा बिगो खुलेको अवस्थामा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम जरिवाना गर्नुपर्ने भन्ने कुरामा विवाद छैन तर ठगीको कसुरदार एक जनाभन्दा बढी रहेको अवस्थामा बिगोको परिणाममा नै अन्तर आउने गरी प्रत्येक कसुरदारबाट जनही बिगो भराई बिगोबमोजिम जरिवाना हुने भन्ने अर्थ गर्न नमिल्ने।

प्रस्तुत मुद्दामा दुईजना प्रतिवादीहरू मिली रू.१२,०००।- का दरले १११ जना जाहेरवालाको रकम ठगी गरेको भन्ने वादीको अभियोग दावी भएकामा अदालतमा १२ जना जाहेरवालाले मात्र उपस्थित भई आफूलाई ठगेको भनी बकपत्र गरेको देखिएकाले वादी पक्षले अभियोगपत्रमा उल्लेख भएका सबै जाहेरवालालाई उपस्थित गराई बिगो र दावी स्थापित गराउन सकेको नदेखिँदा १२ जना जाहेरवाला उपस्थित भई कायम भएको बिगो २ जना प्रतिवादी मिली ठगी गरेको भन्ने देखिएकाले ठगी कायम भएको बिगो भराउनु पर्ने हुँदा सुरू जिल्ला अदालतले कायम गरेको बिगो र बिगोबमोजिम जरिवानाको हकमा केही उल्टी गरी १२ जना जाहेरवालाहरूको जनही रू.१२,०००।- का दरले कायम हुन आएको बिगो रू.१,४४,०००।- को दामासाहीले हुन आउने रू.७२,०००।- यी प्रतिवादी क्रान्ति भन्ने जयप्रकाश रायलाई जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६७।६।५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०३१५, दूरसञ्चार प्रणालीमा प्रतिकूल असर, *नेपाल सरकार वि. उमेश कुँवरसमेत*

प्रतिवेदक कल्याणध्वज बस्नेतले अदालतमा बकपत्र गर्दा प्रतिवादी सुभाष कार्कीले प्रतिवादी बासुदेव कुँवरको घरमा नेटफोन चलाएको र सुभाष कार्कीले उमेश कुँवरलाई काम गर्नको लागि राखेको भन्ने सुनेको हो भन्ने उल्लेख गरेको देखिएकाले वादी पक्षका साक्षीहरूको बकपत्रसमेतबाट यी प्रतिवादीहरू बासुदेव कुँवर र उमेश कुँवर कसुरदार रहेको मान्न नमिल्ने हुँदा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गरिएको आदेशसँग सहमत हुन नसकिने।

प्रतिवादी बासुदेव कुँवर प्रतिवादी सुभाष कार्कीलाई घरभाडामा दिने व्यक्तिसम्म भएको तथा अर्का प्रतिवादी उमेश कुँवर प्रतिवादी सुभाष कार्कीले सञ्चालन गरेको संस्थामा तलब लिने दिने गरी नियुक्ति भएको व्यक्ति भएको भन्ने कुरा मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि भएको र यी प्रतिवादीहरू आरोपित कसुरमा संलग्न रहेको भन्ने कुराको विश्वसनीय र भरपर्दो प्रमाण वादी पक्षबाट प्रस्तुत हुन नसकेकाले घरभाडामा दिने र तलब लिई काम गर्ने व्यक्तिले आरोपित कसुर गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि नभएकाले यी प्रतिवादी बासुदेव कुँवर र उमेश कुँवरलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०५३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रकाशबहादुर शाही*

मृतक घाइते भएपछि प्रतिवादी आफैंले निजलाई उपचारको लागि हस्पिटलसम्म पुऱ्याएको, घाइतेको उपचार खर्च पनि प्रतिवादीले नै व्यहोरेको र मृतकसँग प्रतिवादीको कुनै पूर्व रिसइवीसमेत नभएको भनी मृतककी पत्नी जाहेरवाली धनकुमारी बस्नेतले अदालतमा भएको बकपत्रमा उल्लेख गरेको देखिएकाले उल्लिखित सबुद प्रमाणको पृष्ठभूमिमा अभियोजन पक्षको दावीबमोजिम प्रतिवादीउपर ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुनसक्ने अवस्था भएन। प्रतिवादीले गरेको कसुरबमोजिम निजलाई सो महलको १४ नं. आकर्षित हुने भएकाले प्रतिवादीलाई सोही १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको फैसला मनासिबै देखिन आउने।

प्रतिवादीले मृतकलाई मार्नुपर्ने कुनै प्रकारको रिसइवी नरही मार्नुपर्ने कुनै कारणसमेत नरहेको, मृतकलाई मार्ने पूर्वतयारी र योजना बनाई लुकी चोरिकन कुटपिट गरेको पनि नदेखिएको र तत्काल उठेको रिसले हात मुक्काले मृतकलाई कुटपिट गरेको देखिएकाले प्रतिवादीले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर गरेको ठहऱ्याई सोही नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने ठहऱ्याएको सुरू म्याग्दी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०६७।२।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-१२५४, सवारी ज्यान, *नेपाल सरकार वि. विशाल दमाई*

मिसिल संलग्न रहेको कागजातको अध्ययन गरी हेर्दा ट्रिपर चालक यी प्रतिवादीको लापरवाहीबाट

उक्त दुर्घटना भएको र प्रतिवादीले गाडी ब्याक गरी विजयराज कुँवरलाई मारेको कुराको पुष्ट्याई तर्कसम्मत रूपबाट नभएकाले उक्त दुर्घटना प्रतिवादीको लापरवाहीबाट भएको भनी यस अदालतबाट भएको मुद्दा दोहोर्‍याउने आदेशसँग सहमत हुन सकिएन।

प्रतिवादीले जानीजानी लापरवाहीपूर्वक सवारी चलाएको कारण दुर्घटना भई मोटरसाइकल चालकको मृत्यु भएको भन्न सकिने अवस्था नभएकाले प्रतिवादी विशाल दमाईलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ४ महिना कैद र रू.२ हजार जरिवाना हुने ठहर्‍याई सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।३।२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-००७७, प्रतिषेध/परमादेश, *नूरप्रताप ज.ब.रा.समेत वि. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३१ शारदा सदन कमलादीमा अवस्थित सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडसमेत*

सन् २००७।५।२८ मा निवेदकहरूको कम्पनी र विपक्षी बैङ्कबीच भएको सम्झौता हेर्दा बैङ्कबाट कर्जा लिई गाडी खरिद गर्ने ऋणीले बैङ्कलाई मासिकरूपमा तिर्नु बुझाउनु पर्ने किस्ता वापतको रकम नतिरे वा नबुझाएमा निवेदकहरूको कम्पनीले सवारी साधन रहेको स्थान पत्ता लगाई नियन्त्रणमा लिई उक्त सवारी साधन पार्किङ गर्न आवश्यक र उपयुक्त स्थान निःशुल्क उपलब्ध गराइदिने, कब्जा गरिएका सवारी साधन बिक्री गर्नका लागि उपयुक्त ग्राहक खोजी दिने भन्नेसमेतका सर्तहरू उल्लेख भएको देखिन्छ। सो सम्झौताको पठनबाट निवेदकहरूको कम्पनी ऋणी वा जमानतकर्ता नभई केवल सहजकर्तासम्म रहेको देखिने।

विपक्षी बैङ्कले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ दफा ५७(१०) बमोजिम तोकिएको भाखाभित्र कर्जा नतिर्ने व्यक्ति, फर्म वा संस्थालाई कालोसूचीमा समावेश गर्नका लागि कर्जा सूचना केन्द्र लिमिटेडमा पठाउन सक्ने हुन्छ। नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्थाहरूको नियमनकारी निकाय भएकाले त्यसरी कालोसूचीमा राख्न पठाउँदा र कर्जा सूचना केन्द्र लिमिटेडले कालोसूचीमा राख्दा नेपाल राष्ट्र बैङ्कबाट जारी भएका निर्देशनहरूलाई समेत पालना गर्नुपर्ने।

नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय, बैङ्क तथा वित्तीय संस्था नियमन विभागबाट जारी भएको कर्जा सूचना तथा कालोसूचीसम्बन्धी व्यवस्था विषयको इ.प्रा. निर्देशन नं. १२।०६८ को दफा १३ मा "कुनै पनि ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा यस निर्देशनबमोजिमको अवस्था परी केन्द्रको कालोसूचीमा नाम समावेश गरेमा मेरो मञ्जुरी छ भनी सम्बन्धित इजाजत प्राप्त संस्थाले सम्बन्धित ऋणी तथा जमानतकर्तालाई अनिवार्यरूपमा लिखत गराउनु पर्नेछ" भन्ने व्यवस्था रहेको छ। तर सोबमोजिम विपक्षी बैङ्कले यी निवेदकहरू र निजहरूको कम्पनीलाई नेपाल राष्ट्र बैङ्कले जारी गरेको उक्त निर्देशनबमोजिम कुनै लिखत वा कागज गराएको देखिँदैन। उक्त निर्देशन नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ को प्रयोजनका लागि ऐनको दफा ७९ र नेपाल राष्ट्र बैङ्क कर्जा सूचना विनियमावली, २०५८ को विनियम ७ ले दिएको अधिकार प्रयोग गरी जारी भएकाले उक्त निर्देशनमा कानूनी बल रहेको मान्नु पर्ने र कानूनसरह नै प्रभावी हुने।

निवेदकहरू र निवेदकहरूको कम्पनीसमेत स्वयंले विपक्षी बैङ्कबाट कर्जा लिएको नदेखिएको, निवेदकहरूको कम्पनीबाट सवारी साधन खरिद गर्ने ऋणीले लिएको कर्जामा जमानी बसेको पनि नदेखिएको

साथै नेपाल राष्ट्र बैङ्कबाट जारी इ.प्रा. निर्देशन नं. १२।०६८ को दफा १३ बमोजिम निवेदकहरूबाट विपक्षी बैङ्कले लिखत वा कागज गराएकोसमेत नदेखिएको अवस्थामा निवेदकको संविधानप्रदत्त पेसा, व्यवसाय र रोजगारी गर्न पाउने हकमा प्रतिकूल असर पर्ने गरी निजहरूलाई कालोसूचीमा राख्न विपक्षी सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडले कर्जा सूचना केन्द्र लिमिटेडलाई पठाएको मिति २०६९।४।११ को पत्र कानूनविपरीत रहेको देखिन आएको र त्यस्तो कानूनविपरीतको पत्रका आधारमा कर्जा सूचना केन्द्र लिमिटेडले निवेदकलाई मिति २०६९।४।१२ मा कालोसूचीमा समावेश गरेको कार्य तथा सो सम्बन्धमा जारी गरेको मिति २०६९।४।१५ को पत्रसमेत कानूनविपरीतको भई त्यस्तो पत्रका कारणबाट निवेदकको पेसा रोजगार गर्न पाउने संवैधानिक हकमा आघात पुग्न गएकाले विपक्षी सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडले कर्जा सूचना केन्द्र लिमिटेडलाई पठाएको मिति २०६९।४।११ को पत्र, कर्जा सूचना केन्द्र लिमिटेडले निवेदकहरूलाई कालोसूचीमा समावेश गर्ने भनी मिति २०६९।४।१२ मा गरेको निर्णय र मिति २०६९।४।१५ मा जारी गरेको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : विश्वनाथ किशोर घिमिरे

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम्।

- ०६९-WO-०३४१, प्रतिषेध / परमादेश, *अमिरप्रताप ज.ब.रा. वि. काठमाडौं जिल्ला काठमाडौंमहानगरपालिका वडा नं. ३१ शारदा सदन कमलादीमा अवस्थित सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०३२८, निषेधाज्ञा, *दशरथलाल कलवार वि. जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत*

नागरिकको जीउ धनको सुरक्षा गर्नु प्रहरीको प्राथमिक कर्तव्य र दायित्व हुने हुँदा जीउ धनको सुरक्षा गरिपाउँ भनी निवेदन परेपछि त्यस सम्बन्धमा विवादरत पक्षहरू बीच छलफल गराउने प्रहरीको कार्यलाई कानूनविपरीत मान्न नमिल्ने।

प्रहरीले विवादरत दुवै पक्षहरूलाई छलफल गराउने प्रयास गरेको कार्यले निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै हक अधिकारमा आघात पुगेको भन्न नमिल्ने भई निजलाई गैरकानूनी रूपले पक्राउ गरी थुनामा राख्ने आशङ्काको स्थिति विद्यमान रहेको नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६८।७।३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : किशोर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०७५१, निषेधाज्ञा, *भगन बढही वि. भूमिसुधार कार्यालय, बाँकेसमेत*

मुलुकी ऐन, अदालती बन्दोबस्तको ७० नं. बमोजिम मुद्दाका पक्षको मृत्यु भएमा निजका दैयादारले मुद्दा सकार गर्न पाउने नै हुन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम भाइ नातामा पनि मोही हक हस्तान्तरण हुन सक्ने कानूनी व्यवस्था रहेकाले भाइ नाताका जगदीश बढहीले उक्त मुद्दा सकार गर्ने कार्यलाई कानूनविपरीतको कार्य भन्न मिल्दैन र सो मुद्दा सकार गरेको कार्यबाट जग्गाधनी यी निवेदकको कुनै कानूनी हक हनन् हुने पनि नदेखिने।

मुद्दा सकार गर्ने र विवादित सम्पत्तिमा उत्तराधिकारीका हैसियतले हक प्राप्त गर्न पाउने भन्ने कुरा एउटै नभई अलगअलग हुन्। मुद्दा सकार गरेका कारणले मात्र विवादित सम्पत्तिमा मुद्दा सकार गर्ने व्यक्तिको हक स्थापित हुन सक्दैन। मोहीयानी हकको

उत्तराधिकार प्राप्त गर्ने नगर्ने र प्राप्त गर्ने भए कसले प्राप्त गर्ने भन्ने सम्बन्धमा कानूनबमोजिम निर्णय हुँदाका अवस्थामा निरूपण हुने विषय भएको हुँदा जागुराम बढहीको मृत्युपछि जगदीश बढहीले मुद्दा सकार गरेका कारणले मात्र निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै हक अधिकारमा आघात पुगेको देखिन नआएबाट निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।१२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : किशोर घिमिरे

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-०३८५, निषेधाज्ञा, *सन्तोषी कायस्थ वि. सुकुमार रावल*

निषेधाज्ञाको निवेदनको रोहबाट विवादित सम्पत्तिमा निवेदकको हक कायम हुन नसक्ने हुँदा निवेदन दावीको कम्पाउन्डवाल र कुवासमेतमा हक कायम गराउन कानूनबमोजिमको उपचार खोज्ने अधिकार निवेदकलाई रहने नै हुने ।

निषेधाज्ञाको आदेश जारी हुनका लागि विवादित सम्पत्तिमा निवेदकको निर्विवाद हक स्थापित हुनुपर्ने र अर्को पक्षले त्यसमा हस्तक्षेप गर्ने आशङ्काको अवस्था देखिनु पर्ने हुन्छ । तर निवेदन दावीको कम्पाउन्डवाल र कुवा विपक्षीको कि.नं. ३१७ को जग्गासँग सटिएको नक्सा मुचुल्काबाट देखिँदा सो कम्पाउन्डवाल र कुवासमेतमा निवेदकको निर्विवाद हक स्थापित रहेको देखिन नआउने हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।८।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : किशोर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-११५७, निषेधाज्ञा/परमादेश, *रामनारायणप्रसाद यादव वि. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३५ तीनकुनेस्थित टिएनटि बिल्डिङमा कर्पोरेट कार्यालय रहेको डाबर नेपाल प्रा.लि. समेत*

डाबर नेपाल प्रा.लि. बाट रकम लिन बाँकी रहेकाले सोही रकमबाट कर्जाको साँवा र ब्याजसमेत असूल हुने हुँदा निवेदनमा उल्लिखित घरजग्गा विपक्षी बैङ्कले लिलाम गर्न पाउने अवस्था हुँदैन भन्ने पुनरावेदकको पुनरावेदन जिकिर भए पनि निवेदकले उक्त प्रा.लि.बाट रकम लिनुपर्ने विषय र निजले बैङ्कबाट लिएको कर्जा चुक्ता गर्ने विषय अलगअलग हुन् । डाबर नेपाल प्रा.लि.बाट रकम लिन बाँकी भए सो सम्बन्धमा निवेदकले आवश्यक कानूनी उपचार प्राप्त गर्नसक्ने नै हुँदा डाबर नेपाल प्रा.लि.बाट रकम लिन बाँकी रहेको भन्ने आधारमा निवेदकले बैङ्कबाट लिएको कर्जा असूलउपर गर्नका लागि सूचना प्रकाशित गर्न नमिल्ने भन्न नमिल्ने हुँदा निवेदकले विपक्षी बैङ्कबाट कर्जा लिई तोकिएको भाखाभित्र सो कर्जाको साँवा र व्याजसमेत तिरेको नदेखिएको स्थितिमा विपक्षी बैङ्कले बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ बमोजिम उक्त कर्जा असूलउपर गर्नका लागि कर्जा लिँदा दिएको जेथा लिलाम गर्न सूचना प्रकाशित गरेको कार्य कानूनबमोजिमको देखिन आएको हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : किशोर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१२६३,

प्रतिषेध/उत्प्रेषण, *श्याम कवां वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत*

अदालतको फैसलाबमोजिम कैद जरिवाना नलागेका व्यक्तिलाई पक्राउ गरी थुनामा राख्न मिल्दैन । कैद जरिवाना असुलउपर गर्नुपूर्व कैद जरिवाना लागेको व्यक्तिको एकीन पहिचान गरेर मात्र असुलउपर गर्नुपर्ने हुन्छ । भक्तपुर जिल्ला अदालतको मिति २०६४।११।१५ को फैसलाअनुसार कैद जरिवाना लागेका व्यक्ति यी निवेदक हुन् होइनन् भन्ने विषयमा सो अदालतबाट एकीन हुन बाँकी रहेकै अवस्थामा पक्राउ गर्ने अनुमान गरी निवेदकले प्रस्तुत निवेदन दिएको देखिन्छ । भक्तपुर जिल्ला अदालतको फैसलाबमोजिम कैद जरिवाना लागेका व्यक्ति यी निवेदक हुन् होइनन् भन्ने विषयमा एकीन भइसकेपछि मात्र सो अदालतबाट भएको फैसला कार्यान्वयन हुने हुँदा हाल निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै हक अधिकारमा आघात पुग्ने स्थिति र अवस्था देखिन नआउने हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : किशोर घिमिरे

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६७-WO-०५३८, उत्प्रेषण/परमादेश, *यज्ञबहादुर खत्री वि. शिक्षा मन्त्रालय केशरमहल काठमाडौंसमेत*

कानूनद्वारा सिर्जित र सर्तबन्धित पद आफुखुसी उपभोग गर्न पाइने भन्ने पनि होइन । कुनै पनि पदीय अधिकार निरपेक्ष हुँदैन, मौलिक हक पनि स्वच्छन्दरूपमा उपभोग गर्न पाइन्छ भन्ने होइन बरू अधिकार र कर्तव्यको सम्बन्ध अन्योन्याश्रित हुन्छ । आफ्नो कर्तव्यबाट विमुख भएर अधिकारको मात्र दावी गर्नसक्ने अवस्था हुन्छ भनी अनुमान गर्न पनि नमिल्ने हुँदा निवेदक यज्ञबहादुर खत्री २०६४ सालको दशैं बिदामा घर गएपछि विद्यालयमा हाजिर हुन जान विभिन्न पटक मिति २०६५।१२।२८ सम्म निवेदन दिएकामा प्रत्यर्थी जनप्रिय उ.मा.वि. ले हाजिर नगराएको भन्ने निवेदन व्यहोराको पुष्टि हुने ठोस प्रमाण पेस गर्न नसकेको समेत आधारमा निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था र औचित्यता नदेखिँदा यस अदालतबाट मिति २०६७।८।२८ मा जारी भएको अन्तरिम आदेशसमेत निष्प्रयोजित हुने र प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-०३७३, उत्प्रेषण/परमादेश, *खिरू राउत अहिर वि. तेतरीदेवी अहिरनीसमेत*

प्रस्तुत मुद्दामा निवेदक वारेसले मिति २०७०।८।२१ गतेका दिन उपस्थित हुन तोकिएको पेसी तारेख गुजारेको देखियो । प्रस्तुत निवेदनको मागबमोजिमको उपचारको लागि यस अदालतसमक्ष निवेदन लिई आएका निवेदकले नै प्रस्तुत निवेदनको कारवाही प्रक्रिया नै छोडी तारिख गुजारी बसेको देखिँदा प्रस्तुत निवेदनउपर केही गरिरहनु नपर्ने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-MS-००१५, अदालतको अवहेलना, *सर्मीलाकुमारी यादव वि. गोकर्णकुमार थापासमेत*

अदालतको अवहेलनामा सजाय गर्ने कार्य भनेको नै समग्र अदालतको गरिमालगायत न्याय सम्पादनलाई प्रभावकारी बनाउने उद्देश्यबाट प्रेरित

रहेको हुन्छ । अदालतबाट जारी भएका यस्ता आदेशलाई सम्बन्धित पक्षबाट कार्यान्वयन तथा पालना नगरी अवरोध सिर्जना गर्ने जस्ता क्रियाकलापलाई निरूत्साहित गर्नु पर्ने नै हुन्छ । तथापि प्रस्तुत मुद्दामा निवेदकले यस अदालतबाट मिति २०६७।११।११ मा भएको अन्तरिम आदेशबमोजिम विद्यालयमा उपस्थित भई कामकाज गरेको भनी स्वीकार गरेको र विपक्षी जिल्ला शिक्षा कार्यालयबाट समेत निवेदकलाई पुनर्वहालीका लागि पत्राचार गरी निजले कामकाज गरेको भन्नेसमेत उल्लेख गरेको पाइदा विपक्षीबाट यस अदालतको पालना नगरेको भन्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०८००, उत्प्रेषण / परमादेश, *सर्मीलाकुमारी यादव वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत*

निवेदकले शिक्षा नियमावली, २०५९ (छैठौं संशोधन २०६७) को नियम ९७क. मा उल्लिखित प्रावधानमा यो नियम प्रारम्भ हुनुअघि अस्थायीरूपमा शिक्षक पदमा नियुक्त भई यो नियम प्रारम्भ हुँदाका बखतसम्म सेवारत रहेकामा सो पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि एक पटकमा ६ महिनामा नबढाई संवत् २०७० चैत्र मसान्तसम्म म्याद थप गर्न सकिनेछ भन्ने उल्लेख भएकामा सो नियम मिति २०६७।१०।९ मा नेपाल राजपत्रमा प्रकाशित भै लागू भएपछि मिति २०६७।१०।१९ मा नियुक्ति बदर गर्ने गरी भएको निर्णय त्रुटिपूर्ण छ भनी निवेदन दाबी गरेकामा निज निवेदक यस अदालतको अन्तरिम आदेशपश्चात् पुनः सेवामा फिर्ता भए पनि निज निरन्तररूपमा सेवामा रही अध्यापन गरेको नदेखिने ।

निवेदक प्राथमिक शिक्षक पदमा नियुक्त भई अध्यापन गर्न सुरू गरेकामा कुनै विवाद नरहे पनि हालसम्म पनि उक्त पदावधि बाँकी रहेको भनी निवेदक स्वयम् वा निजका तर्फबाट कोही उपस्थित भई जिकिर गर्न सकेको देखिएन । विपक्षी जिल्ला शिक्षा कार्यालय, सिरहाका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले शिक्षा नियमावली, २०५९ को नियम ९७ बमोजिम निवेदकको अस्थायी पदावधि समाप्त भै हाल निवेदक बहाल नरहेको भनी जिकिर लिएको अवस्था हुँदा निवेदकले शिक्षा नियमावली, २०५९ को नियम ९७क. मा उल्लिखित प्रावधानबमोजिमको जिकिर लिए पनि निज स्वयम् बहाल रहिरहेको अवस्था नभएकाले निवेदन मागबमोजिमको रिट निवेदन जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WH-००७४, बन्दीप्रत्यक्षीकरण, *जुगराम चौधरीसमेत वि. जिल्ला न्यायाधिवक्ता, सरकारी वकिलको कार्यालय, कैलालीसमेत*

मिति २०६७।१०।९ मा कैलाली जिल्ला अदालतबाट भएको फैसलाले यी निवेदकलाई विना इजाजत वन पैदावर हटायो भन्ने मुद्दामा कसुरदार कायम गरी कैद जरिवाना हुने ठहर्‍याएकामा निवेदक स्वयम्ले उक्त कैद जरिवाना स्वीकार गरी तत्काल जरिवाना बुझाउन नसक्ने र पछि बुझाउने भनेको देखिएकाले फैसला कार्यान्वयनको सिलसिलामा फैसलाबमोजिम भएको सजाय स्वीकार गरेको र निवेदकका नाउँमा कैलाली जिल्ला अदालतबाट मिति २०६५।९।२४ मा तामेल भएको म्याद कानूनको रीत पुगेकोसमेत देखिँदा कैलाली जिल्ला अदालतको उक्त फैसला कार्यान्वयनलाई अवरोध गर्न नमिल्ने भएबाट निवेदन मागबमोजिम बन्दीप्रत्येक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल असोज ३ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-०६१५, उत्प्रेषण/परमादेश, *श्यामबहादुर गौतम वि. दुर्गाजङ्ग गौतमसमेत*

विवादित विषयमा सुर्खेत जिल्ला अदालतको आदेशबाट फैसला कार्यान्वयनको सिलसिलामा बुझ्नुपर्ने ठानेको कुनै कुरा बुझेकोसम्म देखिएको, सो सम्बन्धमा कुनै अन्तिम राय निष्कर्ष निकाली अन्तिम आदेश गरेको नदेखिएको अवस्थामानै प्रस्तुत रिट निवेदन परेको देखिन्छ । यसरी फैसला कार्यान्वयनकै क्रममा आवश्यक ठानिएका आदेश गरी सो सम्बन्धमा अन्तिम निष्कर्ष आउनुभन्दा अगावैको अवस्थामा रिट निवेदकको संवैधानिक एवम् मौलिक हक अधिकारमा हस्तक्षेप भएको भनी निष्कर्षमा पुग्न सक्ने अवस्था नरहने ।

अधिकार प्राप्त अदालतबाट कानूनबमोजिम कारवाहीयुक्त अवस्थामा नै फैसला वा अन्तिम आदेश हुनुपूर्व नै हस्तक्षेप गरी कुनै आदेश जारी गर्ने प्रयोजन नहुने र अन्तिम आदेश भएकामा चित्त नबुझेको अवस्थामा कानूनबमोजिम उपचारको मार्ग रही रहेको अवस्थामा तत्काल निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०००९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डम्बरबहादुर भन्ने डम्बरकुमार लिम्बु सावा*

प्रतिवादी डम्बरबहादुर भन्ने डम्बरकुमार लिम्बू सावाले आफ्नै श्रीमती मृतक जसमाया लिम्बूलाई आफ्नो घरमा रहेको खुकुरी झिकी निजलाई मार्छु भनी खेदाउँदै घरदेखि पछाडि बारीमा पुर्‍याई लडाई खुकुरीले मानवीय सम्वेदना शून्य अवस्थामा घाटीमा प्रहार गरी सोही प्रहारबाट मृतकको मृत्यु भएको पुष्टि भएको अवस्था देखिँदा यी प्रतिवादी डम्बरकुमार लिम्बू सावालाई सुरू मोरङ जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसलालाई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१०।४ सदर गरेको फैसला मुनासिब नै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली
कम्प्युटर : मन्जिता ढुङ्गाना
इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६५-CI-०४१३, जग्गा खिचोला दर्ता बदर हक कायम, *कमले कामी वि. सालिभान भूल (सार्की) समेत*

प्रतिवादीहरूका नाममा उक्तबमोजिम प्रमाण पुर्जा वितरण भएकामा सो वितरण भएको मितिलाई आधार मानी वादीले उजुरी गर्न सकेको देखिएन । अर्कोतर्फ वादीले फिरादपत्रसाथ पेस गरेको तिरो तिरेको रसिदको प्रतिलिपि हेर्दा यी वादीले २०५० साल देखिनै जग्गा धनी पुर्जाबमोजिम तिरो तिरेकोबाट वादीले सोही मौकैमा थाहा नपाएको भन्न नमिल्ने ।

विवादमा ल्याइएको कि.नं. १ र ४ को जग्गा २०४५ सालमा नापी भै प्रतिवादीहरूले २०४८ सालमा जग्गा धनी दर्ता प्रमाणपूर्जा प्राप्त भएको मितिले उपरोक्त कानूनी व्यवस्थाबमोजिम मुद्दा दर्ता नगरी मिति २०५७।३।२६ मा दर्ता भएको फिराद दावीको आधारमा प्रस्तुत मुद्दामा वादी दावीबमोजिम खिचोला गरेको ठहर गरी दर्ता बदर गर्नुपर्ने अवस्था नदेखिने हुँदा विवादित जग्गाको २०४८ सालमा प्रतिवादीहरूले जग्गा धनी दर्ता प्रमाणपूर्जा लिई २०५० सालमा वादीले नै तिरो तिरान गरेपछि तत्काल देखि विपक्षीको दर्ता भएको थाहा पाएको मान्नुपर्ने हुँदा पुनरावेदन अदालत, दिपायलबाट मिति २०६५।८।४ बझाङ जिल्ला अदालतबाट वादी दावी नपुग्ने ठहर्‍याएको फैसलालाई उल्टी गरी फिराद खारेज हुने ठहर्‍याएको

फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल मङ्सिर १४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०५८४, उत्प्रेषण/परमादेश, *ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ११ को हाल ऐ.ऐ. वडा नं. २१ पाटनढोकास्थित ए-नट आर्किटेक्चर एन आर्किटेक्ट्स फर्मको तर्फबाट अख्तियारप्राप्त शोभेन्द्रराज जोशी वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटारसमेत*

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८(१) मा कर्जा सूचना केन्द्रको स्थापना भएको र उक्त दफा ८८(१) को खण्ड (ङ) ले समयमा कर्जा नतिर्ने वा कर्जाको दुरूपयोग गर्ने ऋणीहरूको प्राप्त नामावलीलाई केन्द्रले यकिन गरी कालो सूचीमा राख्न सक्ने गरी व्यवस्था गरेको पाइन्छ । यसरी ऐनले बैङ्कको ऋण नतिर्ने ऋणी (Defaulter) हरूलाई कालो सूचीमा राख्न सकिने व्यवस्था गरेकामा नेपाल राष्ट्र बैङ्कले मूल्याङ्कनकर्तालाई समेत कालो सूचीमा राख्न सकिने गरी गरेको निर्देशन उपर्युक्त कानूनको सीमाभित्र रहेको नदेखिने ।

राष्ट्र बैङ्कलाई नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ समेतका आधारमा निर्देशन दिने अख्तियार भए तापनि अख्तियारप्राप्त गरेको सीमा ननाघ्ने गरी र प्रचलित कानूनको अधीनमा रहेमा मात्रै त्यस्तो निर्देशन क्रियाशील हुने हुन्छ । प्रचलित कानूनले स्पष्टत: अख्तियार नदिएको विषयमा नियमनको नाममा विस्तार गर्न सकिँदैन । मूल्याङ्कनसम्बन्धी विवादमा सही काम नगर्ने भन्ने व्यक्तिलाई Defaulter को परिभाषाभित्र राख्न मिल्ने नदेखिने ।

निवेदक र विपक्षी हामा मर्चेन्टबीच भएको सम्झौतामा अपूर्ण मूल्याङ्कनलाई मान्यता नदिइने उल्लेख भएको छ । तर सोविपरीत ऋण प्रवाह गरी विपक्षी हामा मर्चेन्टले निवेदकउपर दोष आरोपित गर्न मिल्दैन । मूल्याङ्कनकर्ताको पूर्ण प्रतिवेदन नआई संक्षिप्त विवरण (Synopsis) को भरमा विपक्षी हामा मर्चेन्टले ऋण प्रवाह गरेको देखिन्छ । Synopsis भनेको पूर्ण मूल्याङ्कन हुन सक्दैन । अधुरो कागजातको आधारमा लगानी गर्ने निर्णय गर्ने लगानीकर्तालाई नै कारवाही गर्नुपर्नेमा त्यसतर्फ कुनै कारवाही भएको पनि नपाइँदा निवेदकको मागबमोजिम हामा मर्चेन्ट एन्ड फाइनान्स लिमिटेडले कर्जा सूचना केन्द्रलाई पठाएको मिति २०७०।८।२८ को पत्र र उक्त फाइनान्स लिमिटेडले रिट निवेदकलाई कालो सूचीमा राखेको मिति २०७०।९।१८ को पत्रलगायत सोसँग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी निवेदक कम्पनीलाई कालो सूचीबाट हटाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : अनिलकुमार शर्मा
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०६५९, उत्प्रेषण/परमादेश, *दीपक आचार्यसमेत वि. ऊर्जा मन्त्रालयसमेत*

अनुमतिपत्र नवीकरणको सर्त पुरा गर्नुपर्ने पुर्वावस्था छ वा छैन भन्ने कुरा न्यायिक मनको प्रयोग गर्नुपर्ने कुरा नभई प्रशासनिक तवरले विचार गरिने कुरा हो । निवेदकले क्षमता अभिवृद्धि नगरेको अवस्थामा निवेदकलाई दिइएको अनुमतिको हदभन्दा बाहिरका कुरामा सीमा वा Overlap को जिकिर गर्न मिल्ने अवस्था रहँदैन । नवीकरण गरिपाउनु पर्ने कानूनी हक निवेदकलाई हुने नभई कानून र अनुमतिपत्रका सर्त पूरा भएमा मात्र नवीकरण गरिनु पर्ने ।

विपक्षी विद्युत् विकास विभागले अनुमतिपत्र रद्द गरेकामा विद्युत् ऐन, २०४९ को दफा ३९ बमोजिम पुनरावेदन गर्ने विकल्पको व्यवस्था छ । सो अधिकारक्षेत्र ग्रहण गरेको अवस्थामा उक्त ऐनको दफा

८ को प्रयोग भए वा नभएको वा गलत रूपमा भएको सम्पूर्ण कुराको पूरा तवरले कानूनी एवम् तथ्यको प्रश्नमा सुनुवाई हुन नसक्ने देखिँदैन। अधिकार प्राप्त अधिकारीले निर्णय गरेको र कानूनी रूपमा स्थापित वैकल्पिक पुनरावेदकीय उपचार ग्रहण गरेको छैन भने सिधै यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी तथ्यमा प्रवेश गरी निर्णय गर्नु पर्ने अवस्था नदेखिँदा रिट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिएकाले रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट जारी भएको मिति २०६८।११।२ को अन्तरिम आदेश स्वत: निष्क्रिय हुने।

इजलास अधिकृत : अनिल कुमार शर्मा
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०७९५, उत्प्रेषण, *विपिनबहादुर कर्माचार्य वि. स्वास्थ्य सेवा विभाग, टेकु काठमाडौंसमेत*

निवेदक कम्पनीले करारको सर्तबमोजिम सामान आपूर्ति गर्न नसकेको अवस्थामा उल्लिखित ऐनको प्रावधानबमोजिम निवदेक कम्पनीलाई विपक्षी स्वास्थ्य सेवा विभागबाट कालो सूचीमा राख्न सिफारिस गरेअनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले निवेदकलाई एक वर्षका लागि कालो सूचीमा राखेको देखिन्छ। उक्त कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (१४) बमोजिम स्वास्थ्य सेवा विभागको मिति २०६९।४।९ को कालो सूचीमा राख्न अनुरोध गरिएको पत्र प्राप्त भएपछि ६ महिनाभित्र अर्थात मिति २०६९।१०।७ मा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट निर्णय भएकोसमेत देखिएकाले यहाँ कार्यविधिगत त्रुटि पनि भए गरेको नदेखिने।

निवेदक कम्पनीलाई कालो सूचीमा राख्ने भनी विपक्षीद्वारा गरिएको निर्णय कानूनबमोजिम नै भएकाले निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अनिलकुमार शर्मा
कम्प्युटर : मन्जिता ढुङ्गाना
इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०९३२, उत्प्रेषण / परमादेश, *दिप्ती गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयसमेत*

बालकको जन्म दर्ता हुँदैमा बाँकी सबै हकहरू स्वत: प्राप्त हुन्छ भन्ने पनि होइन। त्यो कानूनबमोजिम हुने कुरा हो । जन्मस्थानका आधारमा नागरिकता प्राप्त गर्ने पद्धति -jus soli होस् वा रगतको सम्बन्धका आधारमा नागरिकता प्राप्त गर्ने पद्धति -jus sanguinis होस्, जुनसुकै पद्धतिमा पनि बालबालिकाको हितको निम्ति जन्म दर्ता आवश्यक हुन्छ । कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) ले र सोहीअनुसार नागरिकता ऐन,२०६३ को दफा ३(१) लेसमेत व्यवस्था गरेको हुँदा नागरिकता प्राप्तिको प्रथम आधारका रूपमा रहने जन्म दर्ता प्रमाणपत्रको उपादेयतालाई राज्यले नजरअन्दाज गर्न नमिल्ने।

बालबालिकाको बाबुको ठेगान नलागेको अवस्थामा पनि जन्म दर्ता गर्न यस अदालतबाट आदेश भएको एवम् मन्त्रालयबाट सोही विषयमा निर्देशन दिइसकेको स्थितिमा सोही विषयलाई लिएर जन्म दर्ता गर्नबाट इन्कार गर्नु हुँदैन। जन्म दर्ता गर्न ल्याए गरिदिने मात्र होइन, जन्म दर्ता गर्ने कार्य नै अनिवार्य हुन सकेको खण्डमा जनतामा उत्तरदायी शासनप्रणालीको अनुभूति हुन जाने।

निवेदकले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ अनुसूची २ को फाराममा उल्लिखित विवरण जो दिएमा वा भर्न सकेको भनी ल्याएमा सो ग्रहण गरी यथास्थितिमा दर्ता गरिदिनु

भनी विपक्षी ललितपुर उपमहानगरपालिकासमेतका नाममा परमादेश जारी हुन्छ । साथै उक्त अनुसूची २ को व्यवस्थालाई बाबुको पहिचान हुन नसकेको निवेदकको जस्तो परिस्थितिमा समायोजन हुन सक्ने गरी पुनरावलोकन गरी परिमार्जन वा संशोधन गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : अनिलकुमार शर्मा

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०४१४, उत्प्रेषण/परमादेश, *किशोरीप्रसाद शर्मा वि. महेन्द्र राउत भूमिहारसमेत*

पुनरावेदन अदालत, जनकपुरको मिति २०६०।१२।८ को निर्णयले विपक्षी मोही भै २०६३ सालमा मोही बाँडफाँटसमेत भएको भए तापनि उक्त मिति २०६०।१२।८ को निर्णय सर्वोच्च अदालतबाट मिति २०६६।१०।१७ मा उल्टी भई कुलदीप राउतको नाउँमा जग्गा दर्ता रही प्रदीप राउतको नाउँमा रहेको मोहीयानी हक यी निवेदक किशोरीप्रसाद शर्माको नाउँमा नामसारी निर्णय भैसकेको परिप्रेक्ष्यमा पूर्ववत्रूपमा रहेको मोही बाँडफाँट र पुनरावेदन अदालतको मिति २०६०।१२।८ को फैसला कायम रहनसक्ने भएन । सर्वोच्च अदालतको मिति २०६६।१०।१७ को निर्णय भूमिसुधार कार्यालय, महोत्तरीले प्राप्त गरेपछि त्यसको कार्यान्वयन गर्नुपर्नेमा लिखित जवाफमा त्यसको उल्लेखसम्म नगरी सो निर्णयको पूरै नजरअन्दाज गरेको देखिन्छ । यसैकारणबाट उक्त फैसलापश्चात् सुरू भूमिसुधार कार्यालयको मोही बाँडफाँटसम्बन्धी कार्यमा असर पर्ने नै हुँदा सो सुरू निर्णय टिकिरहन सक्ने अवस्था रहेन । तसर्थ मिति २०६६।१०।१७ को फैसलासँग सम्बन्धित २०६३।८।२१ को मोही बाँडफाँट भै त्यसको आधारमा विनोदप्रसाद शर्माको नाउँमा रहेको दर्ता स्रेस्तासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ ३० गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, २**०६५-CR-०२२५, जालसाजी, *लक्ष्मीदेवी के.सी. समेत वि. कमलादेवी थापासमेत*

आफ्नो स्वास्नी र छोराहरूलाई नाता पार्ने व्यक्ति होइन भन्न सक्नेले निजहरूलाई सम्पत्तिबाट बञ्चित गराउन नलागे होलान् भन्न नसकिने ।

वारेसले तायदाती सुनी पाउँदा दृष्टिबन्धकी लिखतको अस्तित्वको सम्बन्धमा थाहा पाएको भनी सोही मितिमा सो दृष्टिबन्धकी लिखतको सम्बन्धमा कारणीले पनि थाहा पाएको भनी सम्झन र सो मितिबाटै सो लिखतको सम्बन्धमा उजुरी गर्ने हदम्याद पनि सुरू हुन्छ भन्न नमिल्ने ।

लिखतको सम्बन्धमा साङ्गोपाङ्गो अध्ययन उक्त लिखत नै हेर्न देख्न पाएपछि मात्र हुने हुन्छ । सो दृष्टिबन्धकीको पारित लिखतको सम्बन्धमा वादीले मिति २०५९।०९।१९ मा सो लिखतको नक्कल सारेपछि मात्रै वास्तविकरूपमा थाहा जानकारी पाएकी भनी मान्नुपर्ने हुन्छ । त्यसरी नक्कल सारी लिएको मितिमा नै लिखतको बारेमा थाहा पाएको भनी मान्नुपर्ने हुँदा सो मितिबाट हदम्यादभित्रै अर्थात् मिति २०६०।०१।३१ मा जालसाजीतर्फ दावी गरेको देखिएकोलाई हदम्याद नाघी फिराद परेको भन्न नमिल्ने ।

किर्ते कागजको महलको १८ नं. को हदम्यादसम्बन्धी प्रश्न उपस्थित रहेको भन्ने आधारमा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थीलाई झिकाउने गरी भएको यस अदालतको पूर्व इजलासको आदेशका साथै हदम्याद नाघी परेको फिरादबाट इन्साफ गरेको नमिलेकाले पुनरावेदन अदालत, पाटनको फैसला उल्टी हुनुपर्छ भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने ।

प्रतिवादी रामशरण थापाले प्रतिवादी लक्ष्मीदेवी के.सी.लाई मिति २०५५।०२।३१ मा दृष्टिबन्धक लेखिदिएको लिखतको ६ भागको दुई भागसम्म जालसाज गरेकाले सो हदसम्म उक्त मिति २०५५।०२।३१ को लिखत जासलाजी ठहर्छ भनी प्रतिवादीहरूलाई मुलुकी ऐन, किर्ते कागजको १० नं. बमोजिम ६ लाखको बिगोमध्ये ६ भागको दुई भाग अर्थात् दुई लाखको सयकडा पच्चीसले हुने रू. ५०,०००।– (पचास हजार) लिनेदिने प्रतिवादी रामशरण थापा तथा लक्ष्मीदेवी के.सी.लाई जरिवाना हुने ठहर्छ भनी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६३।०२।१६।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : बाबुराम सुवेदी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, २**०६५-CI-०२१०, अंश चलन, *देवदत्त यादवसमेत वि. बिजलीदेवी यादवसमेत*

अंशियारहरूका नाममा दर्ता स्रेस्ता कायम नरहेको जग्गा अंशियारहरूका बीचमा बन्डा लाग्ने अवस्था हुँदैन । अंशियारहरूको स्वामित्वमै नरहेको अर्थात् ऋण वापतमा धितो रहेको स्व. गणेशी यादवको नामबाट लिलाम भई साझा संस्था लिमिटेड (सहकारी विकास शाखा) हरि नगराको नाममा भएको सम्पत्ति फिर्ता गर्न साझा संस्था तयार रहेको भन्दैमा अंशियारहरूको नाममा आउन बाँकी नै रहेको अवस्थामा सो सम्पत्तिसमेत अंशियारहरूका बीचमा बन्डा लाग्छ भनी हाल्न नमिल्ने नै हुँदा त्यस्तो सम्पत्ति पनि बन्डा लाग्ने गरी फैसलामा बोलिनु पर्थ्यो भन्ने पुनरावेदकहरूको पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने।

ऋणबापत लिलाम हुँदा कायम भएको रकम उक्त संस्थालाई बुझाई त्यस्तो सम्पत्ति वादी प्रतिवादीहरूले आफ्ना नाममा फिर्ता ल्याई दर्तासमेत आफ्ना नाममा गरी जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका बखत सो जग्गा सबै अंशियारहरूका बीचमा कानूनबमोजिम बन्डा लाग्ने नै हुँदा स्वामित्वमा आई नै सकेको सम्पत्तिलाई अहिले नै बन्डा लाग्छ भन्न नमिल्ने।

सर्भे नापी मात्र भई दर्ता हुन र जग्गाधनी प्रमाण पुर्जा प्राप्त नभइसकेका जग्गाको हकमा त्यस्तो जग्गा कानूनबमोजिम अंशियारका नाममा विधिवतरूपले दर्ता स्रेस्ता कायम भई जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएका बखत सबै अंसियारहरूले आपसमा बन्डा गरी लिन पाउने नै हुँदा पुनरावेदन अदालत, विराटनगरको फैसलामा अन्यथा नदेखिने।

इजलास अधिकृत : बाबुराम सुवेदी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०२४८, अंश चलन, *वीरबहादुर अर्यालसमेत वि. नम्रता अर्यालसमेत*

वादीहरूको अंश हक कानूनले संरक्षित गरेको सन्दर्भमा वादीहरूका पति तथा पिताले गरेको अंश भरपाई लिखतलाई सदासययुक्त र न्यायोचित भन्न मिल्दैन । एकै सगोलमा रहेर परिवारको सदस्यले निरअंशी हुनुपर्ने वा पाउनुपर्ने अंश नपाई न्यून अंशको भागिदार बन्नुपर्ने अवस्था आउँछ भने अंशबन्डासम्बन्धी कानूनले लिएको उद्देश्य नै पराजित हुनजाने।

प्रतिवादी दीपेन्द्रलाई कम अंश लिएर अंश बुझेको भरपाई गर्नलाई कानूनले नरोकेको भए पनि निजको आश्रितको रूपमा स्वास्नी र छोरीसमेत रहेको अवस्थामा निजहरूको अंश हकमा आघात पुर्‍याउने गरी आफूले समानुपातिकरूपमा कानूनबमोजिम पाउने सम्पत्ति भन्दा ज्यादै कम सम्पत्ति मात्र वापत लिनुले वादीहरूको दावीलाई पुष्टि गरेको देखिन आउने।

मिति २०६१।१२।०४ को अंश भरपाई लिखतलाई मान्यता दिन र वादीहरूले प्रतिवादी

दीपेन्द्रको अंश भागबाट मात्र अंश पाउने भनी निजहरूलाई प्राप्त हुने वास्तविक अंशको हकबाट बञ्चित हुनुपर्ने अवस्था आउन दिने गरी निर्णय गर्न कानून, न्याय र न्यायका मान्य सिद्धान्तसमेतबाट मिल्दैन । वादीहरूले फिराद दावीबमोजिम नै अंश पाउने।

सुरू चितवन जिल्ला अदालतको फैसला उल्टी गरी फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी चितवन जिल्ला अदालतमा प्रतिवादी दीपेन्द्र अर्यालले पेस गरेको तायदाती फाँटबारीमा उल्लिखित कि.नं. १५१७ को जग्गा तथा पुनरावेदन अदालत, हेटौंडामा प्रतिवादीहरू वीरबहादुर अर्याल र विष्णुमाया अर्यालले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिसमेतको सम्पूर्ण सम्पत्तिलाई तीन भाग लगाई सो तीन भागबाट एक भाग प्रतिवादी दीपेन्द्रको अंश भाग छुट्ट्याई प्रतिवादी दीपेन्द्र अर्यालको अंश भागमा परेको एक भाग सम्पत्तिबाट विवाह नभएकी छोरी पुष्पा अर्यालको विवाह खर्च पर सारी बाँकी रहेको सम्पत्तिलाई तीन भाग लगाई सो तीन भागमध्येबाट दुई भाग अंशबापत वादीहरूले प्रतिवादीबाट छुट्ट्याई चलनसमेत पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१२।०५।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम्।

- ०६७-CI-०२५८, अंश भरपाई लिखत बदर, *वीरबहादुर अर्यालसमेत वि. नम्रता अर्यालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., २०६८-CR-०४२९**, लागुऔषध, *नेपाल सरकार वि. दीपक ल्वागुन विश्वकर्मा*

सेवनसम्म गर्ने तर बिक्री वितरण गर्ने कार्य गर्दिन भनी अदालतसमक्षको बयानमा प्रतिवादीले लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ज) सम्मको कसुर स्वीकार गरी बयान गरेको र सेवनतर्फको जिकिरमा अनुसन्धानको रोहमा समेत स्वीकार गरी बयान गरेको देखियो । बिरामी भएको अवस्थामा कोरेक्स र नाइट्रोसन ट्याब्लेट खाने गरेको र वारदातको दिनसमेत आफूले लागुऔषध कोरेक्स सेवन गरेको भनी बयान गरी बिक्री वितरण गर्ने कार्य नगरेको भनी सो हदसम्मको कसुरमा इन्कार रहेको यी प्रतिवादीलाई निजका साथबाट उल्लिखित परिमाणको लागुऔषध बरामद भएको भन्ने आधारमा मात्रै बिक्री वितरण गर्ने कसुरतर्फ सजाय गर्न मनासिब नहुने।

प्रतिवादीले सुरू अनुसन्धान प्रक्रियादेखि नै आफूले सेवन गर्ने गरेको भनी जिकिर लिएतर्फ निजले सेवन गर्ने गरे नगरेको तर्फ थप अनुसन्धान तहकिकात गर्न सकेको पनि देखिन्न। तसर्थ प्रतिवादीले आफूबाट बरामद भएको लागुऔषध बिक्री वितरण गर्न ल्याएको होइन भनी सो हदसम्मको कसुरमा इन्कार रही बयान गरेको तर सेवनसम्मको कसुरमा पूर्ण सावित रहेको देखिँदा निजका हकमा लागुऔषध सेवनसम्मको कसुरमा सजाय गर्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसलामा कानूनी त्रुटि देखिन नआउने हुँदा सुरू मोरङ जिल्ला अदालतबाट प्रतिवादीलाई २ वर्ष कैद र रू.१,००,०००।– जरिवानासमेत हुने गरी भएको सजायका हकमा केही उल्टी गरी निजलाई लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ज) बमोजिम दुई महिना कैद र रू.२०००।- जरिवाना हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । बिक्रीतर्फ समेत सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०८८३, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. मन्जीत राईसमेत*

जाहेरवालाले अदालतसमक्ष आई बकपत्र गर्दा आफूले पेन्टे राईलाई सुरूदेखि अन्तिमसम्म सँगै भएको र अरूलाई पछि रकम बुझाई गोप्यबाट बुझ्दा वारदातस्थलमा फिरौती बापतको रकम बुझ्ने बुझाउनेलगायतका बखत यी प्रतिवादीहरूको उपस्थितिसमेत देखिन नआएको अवस्थामा यी प्रतिवादीहरूको के कस्तो कार्यबाट उक्त अपहरणको कसुरमा निजहरूको संलग्नता भएको भन्ने पुष्टि हुन नआउने।

प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा आफूहरू अरू मान्छे आउँछन् कि बाटोसम्म कुरी बसेको भनी कसुरमा सावित रही बयान गरेको भन्नेमात्र आधारमा यी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिमको सजाय गर्न मनासिब देखिन नआउने र यी प्रत्यर्थी प्रतिवादीहरूले उक्त वारदातमा बाटोमा बसी मानिस कुरेको भन्ने साविती बयानबाहेक पीडितलाई अपहरण गरी फिरौती लिने कार्यमा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने यकिन प्रमाण पेस हुन तथा पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी मन्जीत राई र कुमार बुढाथोकीलाई जनही ७ (सात) वर्ष कैद सजाय ठहरी भएको फैसलालाई उल्टी गरी सफाइ दिने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। अभियोग दावीबमोजिम प्रतिवादी मन्जीत राई र कुमार बुढाथोकीलाई सजाय हुनुपर्दछ भन्ने समेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम्।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-१२१७, निर्णय बदर, *औलादेवी राजवंशीसमेत वि. बेदमाया अधिकारीसमेत*

२०४३।७।२७ को निर्णयबाट आफ्नो हक मेटिएको र सो निर्णय, आदेश, फैसला आफ्ना हकमा बदर गरिपाउँ भन्नेसमेतको प्रस्तुत फिरादमा मुख्य दावी रहेको एवम् परदाता घमण्डीलालले हदबन्दीसम्बन्धी कारवाहीमा आफूले बिक्री गरी मुद्दासमेत परी अन्यत्र गैसकेको जगा छाड्ने भनी २०३७।४।२ मा भूमिसुधार कार्यालयमा मन्जुरी बयान गरी सोही बयानको आधारमा भएको भूमिसुधार कार्यालयको निर्णय तथा विवादको जग्गासम्बन्धमा अदालतबाट भएका फैसला आदेशबाट आफ्नो हक गएको भनी सप्रमाण दावी लिई आएको अवस्थामा वादीको दावी पुग्नसक्ने हो होइन सोमा यथोचित प्रमाणको मूल्याङ्कन गरी न्यायिक निष्कर्षमा पुग्नुपर्ने दायित्व सुरू मोरङ जिल्ला अदालतको रहेकामा सोसमेत नगरी फिराद खारेज गर्ने गरी भएको मिति २०६२।१२।१७ को फैसला कानूनसम्मत ढङ्गबाट गरेको नदेखिने हुँदा सुरू मोरङ जिल्ला अदालतको फैसला बदर गरी पुनः जे जो बुझ्नुपर्ने बुझी ठहर फैसला गर्नु भनी सुरू मोरङ जिल्ला अदालतलाई निर्देश गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६।३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदन अदालत, विराटनगरले प्रस्तुत मुद्दा सुरूमा पठाउने गरी निर्णय गरेको मिलेको छैन भन्नेसमेतको प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २८ गते रोज १ शुभम्।

२०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, २**०६७-CR-०८९४, ०९२७, कर्तव्य ज्यान, *देवीमाया बास्कोटा वि. नेपाल सरकार, मोहन तिम्सिना वि. नेपाल सरकार*

प्रतिवादीहरू देवीमाया बास्कोटा र मोहन तिम्सिना बीचको अवैध यौनसम्बन्धलाई मञ्जु पोखरेलले जाहेरीमा देखाउन खोजेकी

छन् । निजहरूको यौन सम्बन्धका बारेमा मृतकले गाउँघरमा हल्ला गर्ने भएकाले सोबाट आफूहरूको हाडनातासमेतको सम्बन्ध हुँदा आफूहरूको त्यस्तो सम्बन्धमा लोकलाजबाट बच्न सरोजलाई मारिएको कुरा उल्लेख गरेकी छन् । निजले अदालतमा बकपत्र गर्दासमेत जाहेरीको व्यहोरालाई समर्थन गरेर बकपत्र गरिदिएकी छिन् । निज मञ्जु पोखरेल पुनरावेदक प्रतिवादीहरू र मृतकको नाता सम्बन्धकै व्यक्ति रहेकीले पनि हुँदै नभएको चारित्रिक प्रश्नको कुरा उठाई निजप्रति वादीहरूलाई गडाउ नगर्नु पर्ने हो । सोबाट निजको जाहेरी एवम् बकपत्र व्यहोरा अन्यथा होला भन्न नसकिने ।

मृतकको हत्या आवेशमा आई एक्कासी भएको वा भवितव्य परी भएको नपाइँदा र मृतकलाई मार्नुपर्ने कारणमा अन्य तथ्यको मिसिलबाट पुष्टि हुन नआएको देखिँदा आफूहरू बीचको अवैध सम्बन्ध रहेको भनी लगाइएको आरोपलाई सधैंको लागि ढाकछोप गर्ने बहानाको रूपमा नियोजित तवरले मृतकको हत्या गरिएको भन्ने कुरा असत्य होला भन्न सकिने ठाउँ नदेखिने ।

प्रतिवादीमध्येका मोहन तिम्सिनाले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत आफू घटनाको समयमा देवीमायाको कोठामा गएको, मृतकलाई मरेको अवस्थामा देखेको र देवीमायाले धामी झाक्रीको रूपमा मृतकलाई बचाउँछु कोही कसैलाई नबोलाउनु भनेकीले नबोलाई बसेको भनी देवीमायालाई मात्र हत्यामा दोषी देखाउन खोजे पनि निजको हत्यामा कुनै संलग्नता नै नभएको रहेछ भन्न मिल्दैन । सो घटनामा निजको कुनै स्वार्थ नभएको भए आफू पाहुना हुन गएको घरमा आफ्नै नाता पर्ने व्यक्तिको मृत्युको घटनालाई लिएर तुरून्तै हल्ला खल्ला गर्नुपर्नेमा सोसमेत नगरी देवीमायाले भनेकै कुरामा चुप लागेर बसेको भनी बयान व्यहोरा लेखाउनुले कसुरमा निजको संलग्नताको पुष्टि भएको भन्ने नै देखिने ।

मानसिक बिरामी भएको भन्ने कुनै चिकित्सकीय प्रमाण प्रस्तुत गरी पुष्टि गराउन नसकेबाट प्रतिवादी देवीमाया बास्कोटाले मानसिक सन्तुलन गुमाई आफूले गरेको कार्यको मतलब र परिणाम थाहा पाउन नसक्ने अवस्थामा पुगी मृतकलाई मारेकी होलिन् भनेर मान्न सकिँदैन । मृतकलाई मार्ने नै मनसाय बनाई हत्या गरिएको अवस्थामा निजलाई कम सजाय दिलाउन नमिल्ने ।

वारदातको समय र परिस्थितिको समग्र मूल्याङ्कन गर्दा रातको समयमा भएको त्यस्तो जघन्य हत्याको वारदात देवीमाया एक्लैको प्रयासले भएको होला भन्न सकिने अवस्था पनि नभएको, वारदात हुँदा प्रतिवादी मोहन तिम्सिनासमेतको उपस्थितिलाई प्रत्यक्षदर्शीका रूपमा जाहेरी दिने तुलसीप्रसादको जाहेरी एवम् निजको अदालतको बकपत्रबाट समेतले पुष्टि भएको समेतका आधार प्रमाणबाट मृतक सरोज पोखरेलको हत्या प्रतिवादीहरू देवीमाया बास्कोटा र मोहन तिम्सिनाकै संयुक्त प्रयासमा भएको भन्ने तथ्य प्रमाणित भइरहेकै देखिएबाट निजहरू दुवै जनालाई जन्मकैदको सजाय गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीहरू देवीमाया बास्कोटा र मोहन तिम्सिनाकै कर्तव्यबाट मृतक सरोज पोखरेलको मृत्यु भएको अवस्था देखिन आएबाट निजहरू दुवै जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको मोरङ जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।०५।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी मोहन तिम्सिनाको र मानसिक बिरामी भएको बेला अन्जानमा घटना घट्न गएको हुँदा जन्मकैदको सजायमा अ.बं. १८८ नं. बमोजिम राय लगाई कम सजाय तोकि पाउँ भन्ने प्रतिवादी देवीमाया बास्कोटाको पुनरावेदन जिकिरसमेत पुग्न नसक्ने ।

इजलास अधिकृत : बाबुराम सुवेदी

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

२१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६७-CI-०८४१, कर्तव्य ज्यान, *खड्गबहादुर सार्की वि. नेपाल सरकार*

प्रतिवादी आफैँले श्रीमतीलाई रक्सी नखाउ भन्दा नमानेकीले रिसको आवेगमा कुटी मारेको भन्ने तथ्यमा सावित भई बयान गरेको छ भने मिसिल संलग्न प्रमाण कागजहरूको आधारबाट निजले गरेको कुटपिट मनपरी तरिकाले गरेको अवस्था देखिएको छ। श्रीमतीले रक्सी खाएको भन्दैमा रक्सी खाने बानी सुधार्ने भनेर छोराले आमालाई नपिट आमा मर्छिन् भनेको कुरालाईसमेत वास्ता नै नगरी निर्मम तवरले जथाभावी तरिकाले ज्यानै जाने गरी कुटपिट गरेको कुरालाई कदापि पनि हलुकारूपमा लिन र रक्सीको लत छुटाउने वा अरू जुनसुकै उद्देश्यले भए पनि ज्यानै जाने गरी कुटपिट गरेको कार्यलाई भवितव्य भन्न मिल्दैन। असल नियतले कुटपिट गर्दा श्रीमतीको ज्यान गएको अवस्था हुँदा भवितव्यतर्फको कम सजाय हुनुपर्ने भनी प्रतिवादीले जिकिर लिएको भए पनि नाबालक छोराले आमालाई नपिट आमा मर्छिन् भनेको कुरामा पनि करूणा दृष्टि नराखी निर्दयी बनी पटकपटक कुटपिट गरेको देखिँदा रक्सीको लत सुधार्न कुटपिट गरेको भन्ने कुराले प्रतिवादीलाई प्रतिरक्षा गर्न सक्दैन । यस्तो अवस्थामा प्रतिवादी खड्कबहादुर सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरदार कायम गरी १० वर्ष कैदको सजाय गरेको सुरू दाङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिलबहादुर नेपाली*

मृतक आफैँले पहिला आफ्नो घाँटीमा सुइटरले कसी त्यसपछि अर्को सलले पुन: घाँटी र रूखमा बाँधी पासो लगाई आत्महत्या गरी मर्नसक्ने अवस्था पनि रहँदैन । घटनास्थलमा खिचिएका मिसिल संलग्न रहेका फोटाहरू हेर्दासमेत मृतकलाई बेहोस बनाई अन्यत्रैबाट घटनास्थलमा ल्याएको देखिन आउँछ । प्रस्तुत वारदात रातको समयमा भएको र घटनाको प्रत्यक्षदर्शी स्वयम् प्रतिवादीबाहेक अन्य कोही नरहेको यस स्थितिमा प्रतिवादीले नै मृतकको घाँटीमा सुइटरले कसी बेहोस बनाई घटनास्थलमा ल्याई आफै झुण्डी आत्महत्या गरे जस्तो देखाउन पुन: अर्को सलले घाँटी र रूखमा बाँधी कर्तव्य गरी मारेको कुरा घटनाको परिस्थिति, लासको प्रकृति र मिसिल संलग्न फोटाहरू समेतबाट देखिन आएकाले मृतक मनिषा सार्की (नेपाली) को मृत्यु यिनै प्रतिवादी तिलबहादुर नेपालीको कर्तव्यबाट भएको देखिन आउने।

प्रतिवादी तिलबहादुर नेपालीले मृतक मनिषालाई कुटपीट गरी बेहोस बनाई घटनास्थलमा लगी आत्महत्या गरेको जस्तो देखिने प्रकृतिको बनाई पासो लगाई झुन्ड्याएको कारणबाट मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू स्याङजा जिल्ला अदालतको मिति २०६९/२/२४ को

फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०/५/१७ को फैसला अन्यथा हुने अवस्थाको देखिएन। सो फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०५७९, परमादेश, *नलराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले मिति २०७०।१२।१९ देखिको तारेख गुजारी आफ्नो निवेदनमा दावी गरेअनुसारको विषय सम्बन्धमा तटस्थ भै बसेको देखिनुको साथै निजले त्यस्तो गर्नुपर्ने कुराको औचित्यतातर्फसमेत अदालतसमक्ष निवेदन प्रस्तुत गरेको छैन । सरकारी स्वामित्वमा रहेको नेपाल आयल निगमले जनतालाई सर्वसुलभरूपमा पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्नुपर्छ भन्ने कुरामा कसैको असहमति हुन सक्दैन । तथापि पेट्रोलियम पदार्थको आपूर्तिको वर्तमान अवस्था निगमको काबुबाहिरको परिस्थितिको उपज भएको, निगमले परल मोलभन्दा घटी मोलमा जनतालाई पेट्रोलियम पदार्थ उपलब्ध गराइरहेको पेट्रोलियम पूरै आयातमा निर्भर रहेको भन्ने तथ्यलाई समेत नजर अन्दाज गर्न मिल्ने देखिँदैन । सरकारले आफूद्वारा नियन्त्रित संस्था सञ्चालन गर्ने नीति तर्जुमा गर्ने र नियन्त्रण तथा खारेजीसमेत गर्नसक्ने अधिकार राख्दछ । यसै सन्दर्भमा नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयको २०६८।१०।१२ को निर्देशनअनुरूप निगम सञ्चालक समितिको निर्णयले पेट्रोलियम पदार्थको थोक डिपो मूल्य समायोजन गरी लागू गरिसकेको भन्ने नेपाल आयल निगमको लिखित जवाफसमेतबाट देखिएको छ । राज्यले अबलम्बन गरेको राजनीतिक प्रणाली, आर्थिक नीति र राज्यको क्षमताअनुसार कतिपय अत्यावश्यक सेवाका क्षेत्रहरू सरकार आफैँले सञ्चालन गर्ने वा नीजि क्षेत्रलाई दिने नीति रहने हुँन्छ । विपक्षीहरूले नियमितरूपमा पेट्रोलियम पदार्थको आपूर्ति गर्न नसकेको कारणले नेपालको संविधान, २०६३ को धारा १२, १७, १८ र १९ द्वारा प्रदत्त मौलिक हकको के कसरी हनन् भयो भन्ने कुरा निवेदकबाट वस्तुनिष्ट तवरबाट पुष्टि गर्न सकेको नदेखिने।

जहाँसम्म पेट्रोलियम पदार्थको आपूर्तिको कुरा छ, नेपाल सरकार सहज र सर्वसुलभ आपूर्ति गराउने आफ्नो दायित्व र कर्तव्यमा प्रतिवद्ध रहेको भन्ने वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफबाट देखिन्छ । आयल निगमले सरकारको निर्देशनअनुसार मूल्य समायोजन प्रणाली लागू गरी सकेकोसमेत देखिने।

तसर्थ, प्रस्तुत निवेदन सम्बन्धमा निवेदकले तारेख गुजारी बसेको आफ्नो निवेदन दावीको पुष्टिसमेत गर्ने प्रयास नगरेको र सरकारतर्फबाट आपूर्तितर्फ प्रतिवद्धतासमेत व्यक्त गरी लिखित जवाफ परेको देखिनाले त्यस्तो अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेन । परमादेशको आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शान्तिप्रसाद आचार्य

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७२ साल जेठ १३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१०६०, उत्प्रेषण/परमादेश, *जयप्रकाश प्रसाद गुप्ता वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाडौंसमेत*

प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधानसभाको निर्वाचन हुनुभन्दाअघिको राष्ट्रिय जनगणनाबाट निश्चत भएको जनसङ्ख्याको आधारमा त्यस्ता जिल्ला सदस्य सङ्ख्याबीचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४क बमोजिम व्यवस्था भएको निर्वाचनक्षेत्र निर्धारण

आयोगबाट भएबमोजिम दुई सय चालिस निर्वाचनक्षेत्र कायम गरी प्रत्येक निर्वाचनक्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित सदस्य भन्ने व्यवस्था रहेको छ। त्यस्तै संविधानको धारा १५४क ले नेपाल सरकारले निर्वाचितक्षेत्र निर्धारण आयोग गठन गर्न सक्ने संवैधानिक व्यवस्था गरेको कुरामा विवाद नरहने हुँदा रिट निवेदन मागदावीको विषयमा विस्तृत विवेचना गरिरहनु उपयुक्त देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शान्तिप्रसाद आचार्य

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७२ साल जेठ १३ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-१०५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवबहादुर पाण्डेसमेत*

प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेको भनी शङ्कारहित तवरबाट पुष्टि गर्नुपर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी नेपाल सरकारको हुने।

प्रस्तुत मुद्दामा वादी पक्षबाट अभियोग दावीबमोजिमको कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनुपर्नेमा सो भएको तथ्य मिसिलसमेतबाट देखिन आएन। शङ्कारहित तवरबाट अभियोग दावी पुष्टि भएको नदेखिँदा सोको सुविधा अभियुक्तहरूले पाउने नै देखिन आयो। तसर्थ प्रतिवादीहरू शिवबहादुर पाण्डे र विष्णुबहादुर पाण्डेलाई अभियोग दावीबाट सफाइ दिने भनी गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको नै देखिन आउने।

प्रतिवादीहरू शिवबहादुर पाण्डे र विष्णुबहादुर पाण्डेलाई अभियोग दावीअनुसार सजाय गर्ने गरेको सुरू लमजुङ जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दावीबाट सफाइ दिने भनी गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-११५८, ठगी, *नेपाल सरकार वि.आङ छिरिङ लेप्चासमेत*

प्रतिवादी कम्पनी ठगी कार्यमा सामेल छ भन्ने कुराको प्रमाण पुर्‍याउने भार वादी नै रहेकामा प्रतिवादी आङ छिरिङबाट भएको ठगीको कसुर प्रतिवादी कम्पनीले अह्राएबमोजिम भएको वा प्रतिवादी कम्पनीले रसिदहरूको रकम नतिरेको वा प्रतिवादी आङछिरिङले कम्पनीको तर्फबाट उक्त काम गरेको कुराको कम्पनीलाई जानकारी रहेको कुनै कुराको प्रमाण गुज्रन आएको देखिँदैन। काममा हुने सामान्य लापरवाहीलाई ठगीको कसुरको समकक्षमा राख्नु मनासिब नहुने।

नक्कली रसिद कम्पनीको अभिलेखमा फेला परेको एकमात्र आधारबाट प्रतिवादी कम्पनी ठगीको कसुरमा संलग्न भएको निष्कर्ष आउन सक्ने देखिँदैन। प्रतिवादी आङ छिरिङ एक सामान्य गाइड अर्थात् तल्लो तहका कामदार भएका र यिनीसँग मतसल्लाह गरी प्रतिवादी कम्पनीको सञ्चालक वा प्रबन्धकलगायतका पदाधिकारीले प्रस्तुत कार्य गरेको कुरा प्रमाणित हुन नसकेकाले प्रतिवादी कम्पनीलाई अभियोग दावीबाट सफाइ दिएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिने।

प्रतिवादी आङ छिरिङ लेप्चालाई अभियोग दावीबाट सफाइ दिएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६४।३।३२ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१।१९ को फैसला सो हदसम्म नमिलेकाले केही उल्टी भई मुलुकी ऐन, ठगीको १ र २ नं. को

कसुरमा ठगीको ४ नं. बमोजिम निज प्रतिवादीबाट महेन्द्र प्रकृति संरक्षण कोषलाई बिगो रू.१४,०००।– भराई निज प्रतिवादीलाई बिगोबमोजिम रू.१४,०००।– जरिवाना तथा १ महिना कैदसमेत हुने ठहर्छ । अर्का प्रतिवादी ट्रान्स हिमालयन ट्रेकिङ प्रा.लि.ले अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : गंगा के.सी.

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०७००, जबर्जस्ती करणी उद्योग, *जमाल अन्सारी वि. नेपाल सरकार*

पीडितले गरेको किटानी जाहेरी दरखास्त र घटनालाई पुष्ट्याइँ गरी बकपत्र गर्नु, निज पीडित र प्रतिवादी बीच संघर्षका कारणले पीडितको हातमा र घाँटीमा घाउ चोटको खत लाग्नु साथै यी प्रतिवादीले पीडितले जाहेरी दरखास्तमा वर्णन गरेको तथ्य व्यहोरालाई नै स्वीकार गरी रत्तिभर फरक नपर्ने गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्नु यी आधारहरूबाट अभियोग दावी प्रमाणित भएको अवस्था छ । यस्तो अवस्थामा प्रतिवादी जमाल अन्सारीले अदालतमा इन्कारी बयान गरेर मात्र अभियोग दावीबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने । प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ र ३(४) नं. को कसुरको उद्योग गरेको देखिएकाले ऐ.को ५ नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिन आउँदा प्रतिवादी जमाल अन्सारीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ र ३(४) नं.को कसुरको उद्योग गरकाले निजलाई ऐ. महलको ५ नं. बमोजिम ३ वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : गंगा के.सी.

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-११५०, निर्णय दर्ता बदर खिचोला मेटाई हक कायमसमेत, *सुकमाया गुरूङ वि. तुलबहादुर तामाङ*

हक कुनै वस्तुको वास्तविक पूर्ववर्ति हुन्छ र अधिकार त्यसको कानूनी परिणाम हुन्छ । यदि कानूनले कसैलाई अधिकार प्रदान गर्दछ भने सो व्यक्तिले आफनो अधिकारको प्रयोग गर्दछ सो अधिकार हस्तान्तरित पनि गर्नसक्छ । उनकै भनाइमा हकको विनियोगात्मक तथ्य (investitive facts) अन्तर्गत केही त्यस्तै अधिकारहरू पनि निर्माण गर्दछन् जसको पहिले अस्तित्व नै हुदैन । यसमा व्यूत्पन्न हक (derivative title) को सन्दर्भमा भन्नु पर्दा जब नयाँ अधिकारको रचना नगरी भइरहेको एक व्यक्तिको अधिकारलाइ अर्को व्यक्तिमा हस्तान्तरित गरी गौण हकको सिर्जना गर्दछन् भने त्यो हक derivative title हो भनी उल्लेख गरेका छन् । कुनै व्यक्तिले क्रय बिक्रय दान वकस आदि हस्तान्तरणका कार्यबाट एउटा व्यक्तिको हक अर्को व्यक्तिलाई प्राप्त हुने कुरा उल्लेख गरेको पाइन्छ । (Salmond on jurisprudence), हक हस्तान्तरण भइसकेपछि सो सम्पत्तिमा हक कायम नै रहेको भन्ने जिकिर विधिशास्त्रीय दृष्टिकोणबाटसमेत मिल्ने नदेखिने ।

माथि विवेचित आधार कारणहरू, विधिशास्त्रीय मान्यता एवम् प्रतिपादित सिद्धान्तसमेतबाट ८ नं. नापी गोश्वारा कास्कीबाट मिति २०६०।१२।११ मा गरेको निर्णय मिलेकै देखिँदा घरसम्मको हकमा सो निर्णय बदर गरी वादीको हक कायम गरी खिचोला मेटाई पाउने भनी भएको सुरू कास्की जिल्ला अदालतको मिति २०६४।३।१९

को निर्णय सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।१।८ को निर्णय मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर सेटिङ : पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक २३ गते रोज १ शुभम्।

- यसै लगाउको ०६६-CI-११४९, घरभाडा दिलाई घरबाट हटाई चलन चलाई पाऊँ, *सुकमाया गुरूङ वि. तुलबहादुर तामाङसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६४-CI-०९२३, निषेधाज्ञा, *देवलक्ष्मी (दाती नानी) बाराही वि. गोविन्द ताम्राकार*

पुरानो पहिलेदेखि नै बनिसकेको घरमा पनि कुनै मर्मत सम्भार वा थपघट गर्नुपर्दा नगरपालिकाको पूर्वस्वीकृति लिनुपर्ने प्रावधानबमोजिम विपक्षी गोविन्द ताम्राकारले दिएको निवेदनउपर कारवाही हुँदा ललितपुर उपमहानगरपालिकाबाट कि.नं. २२१ को जग्गामा रहेको पुरानो घरको दक्षिणतर्फको गारो र पूर्वतर्फको किलास गारोमा कुनै घटीबढी नपारी मर्मत गर्न इजाजत दिइएको देखिन आयो । उक्त इजाजत पाएको सम्बन्धमा निवेदकले कुनै विवाद उठाएको पनि देखिएन। विपक्षीले आफ्नो निर्विवाद हकभोगको जग्गामा परापूर्वकालदेखि बनेको घर पुरानो भई भत्कन लागेका अवस्थामा नगरपालिकासमेतको इजाजत लिई आफ्नो भइरहेको गारोमा सामान्यरूपमा मर्मत सम्भार गर्न पाउने विपक्षीको अधिकारलाई निषेधाज्ञाको आदेश जारी गरी कुण्ठित गर्नु न्यायसङ्गत् देखिन नआउने।

प्रमाणहरूको अभावमा फोटोहरूलाई मात्र हेरेर पनि निषेधाज्ञाजस्तो विवादको निरोपण गर्न सकिन्छ। तथापि पुनरावेदन अदालतले सो फोटोहरू अध्ययनसम्म गरेको र सोही फोटोहरूलाई एकमात्र अकाट्य र खम्बिर आधार प्रमाण मानी फैसला गरेको भन्ने देखिँदैन । यसबाट यी पुनरावेदकको भनाइ निराधार रहेको भन्ने देखिन आयो। यी पुनरावेदकले भनेबमोजिम निषेधाज्ञा मुद्दामा नापनक्सा गरी सबुद प्रमाण बुझी समग्र र खम्बिर मूल्याङ्कन गरी विवादित विषयको निरोपण गरिने नभई केवल आशङ्काको स्थिति, सुविधा सन्तुलनको अवस्था तथा अपूरणीय क्षति हुनजाने अवस्थामा मात्र आदेश जारी गरिन्छ। यसरी हेर्दा पनि प्रस्तुत निषेधाज्ञा मुद्दा जारी हुने अवस्था देखिन नआउने।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०७१ साल पुस ८ गते रोज ३ शुभम्।

- ०६४-CI-०९१०, खिचोला मेटाई किलास (गारो हटाई चलन चलाई पाऊँ, *देवलक्ष्मी (दाती नानी) बाराही वि. गोविन्द ताम्राकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-CI-०७६९, मिलापत्र बदर दर्ता बदर, *राम श्रेष्ठ राय यादवसमेत वि. रामनरेश राय यादवसमेत*

मिति २०२३।६।२४ को मिलापत्रबाट वादीहरूको हक भएको भनिएको जग्गाहरू नै लिई दिई प्रतिवादीहरूले मिति २०५१।१२।२२ मा मिलापत्र गरेका रहेछन् भन्ने पुष्टी हुन नआई फिराद दाबीको जग्गाको दर्ता नै पुष्टी हुन नसकिरहेको अवस्थामा उक्त मिलापत्रबाट वादीहरूले प्राप्त गरेको जग्गा नै लिई दिई वादीहरूको हकमा असर पारी प्रतिवादीहरूले मिति २०५१।१२।२२ को मिलापत्र गरेका रहेछन् भन्न मिल्ने नदेखिने हुँदा वादी दावीको जग्गाको दर्ता नै पुष्टी गर्न सकेको नदेखिएको अवस्थामा वादीदावी पुग्ने ठहऱ्याएको सुरू रौतहट जिल्ला अदालतको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।३।२४ को फैसला

मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युटर : पद्मा आचार्य
इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०१४९, किर्ते जालसाजी, *गणेश मल भंसाली वि. बद्रीलाल मण्डलसमेत*

विवादित कि.नं. ३१६ को ०-२-१०, कि.नं. ३४१ को ०-०-८, कि.नं. ३४७ को ०-०-१२, कि.नं. ३८५ को ०-३-१७ समेतका जग्गाहरू लक्ष्मीदेवीले निजको पति नेमचन्द्रबाट हालै देखिको बकसपत्रबाट प्राप्त गरेको हो भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आउँदछ । त्यसरी बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति स्त्री अंशधनको महलको ४ नं. र अंशबन्डाको महलको १८ नं. अनुसार प्राप्त गर्नेले भोग चलन, बिक्री व्यवहार गर्न कसैको मन्जुरी र सहमति आवश्यक पर्दैन । तसर्थ उक्त कानूनी आधारबाट पुनरावेदक वादी उक्त जग्गाको हकदार भएको देखिन नआउने ।

आफ्नो लोग्नेबाट बकसपत्रद्वारा पाएको सम्पत्ती स्व. लक्ष्मीदेवीले आफ्ना पतिको बकसपत्रको लिखतबाट पाएको सम्पत्ति आफूखुस गर्न पाउने कानूनी व्यवस्थाअनुसार स्व. लक्ष्मीदेवीले आफ्नो भाइलाई संरक्षक राखी मालपोत कार्यालयमा स्वयम् उपस्थित भई मतलब र परिणाम बुझेर बद्रीलाल मण्डललाई लिखत पास गरिदिएको र निज बद्रीलालले आफूले उक्त लिखतबाट प्राप्त गरेको सम्पत्ति र.नं. ८०५२ मिति २०६३।१२।३० को लिखतबाट प्रकाश जैनलाई हस्तान्तरण गरेको कार्य किर्ते जालसाज हो भन्ने देखिन नआएबाट स्व. लक्ष्मीदेवीले आफ्नो भाइ हेमराज जैनलाई संरक्षक राखी बद्रीलाल मण्डललाई लिखत पारित गरिदिएको र निज बद्रीलालले र.नं. ८०५२ मिति २०६३।१२।३० को लिखतबाट प्रकाशकुमार जैनलाई हस्तान्तरण गरेको कार्य किर्ते जालसाज हुन नसक्ने हुँदा जालसाजी हुने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी जालसाजी नहुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युट : खगेन्द्रकुमार खत्री
इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०४४४, विष खुवाई कर्तव्य ज्यान, *शुकराम भन्ने शुक्रराज थनेत वि. नेपाल सरकार*

प्रतिवादी शुक्रराज थनेतले विष खुवाई मृतकहरूको मृत्यु भएकाले निजलाई कारवाही गरिपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त मृतक हैरानी थनेतको पिता शंकर चौधरीले दिएकामा निज जाहेरवालाले उक्त जाहेरीको व्यहोरालाई समर्थन हुने गरी अदालतमा आई बकपत्रसमेत गरिदिएको, प्रतिवादी शुक्रराज थनेतले अधिकारप्राप्त अधिकारी र अदालतमा उपस्थित भई गरेको बयानमा कसुरमा साविती रहेको, घटनास्थलमा रहेको औषधीको सिसी परीक्षण गर्दा Thiodan नामक विषादीको लक्षण देखिएको एवम् ऋषिराम थनेतको (प्रतिवादी शुक्रराज थनेतको एकसगोलमा रहेका बुबा) घरबाट Thiodan नामक औषधीको सिसी बरामद भएको र सो शीशीलाई परीक्षण गर्दा Thiodan को विषादी भेटिएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त प्रतिवेदनमा देखिएको, शिवप्रसाद चौधरीलगायतका व्यक्तिहरूले मौकामा गरिदिएको घटना विवरण कागजमा प्रतिवादी शुक्रराज थनेतले मृतक हैरानी थनेतले सेवन गर्ने गरेको ग्यास्ट्रिकको औषधीमा Thiodan नामक विषादी मिलाई दिएको र सोही बिसाक्त औषधी सेवनबाट मृतकहरूको मृत्यु भएको पूर्ण विश्वास लाग्छ भनी उल्लेख गरिदिएका जस्ता आधार र प्रमाणहरूबाट निज पुनरावेदक प्रतिवादी शुकराम भन्ने शुक्रराज थनेत कसुरदार होइनन् भन्न सकिने अवस्था देखिन नआउने ।

प्रतिवादी शुक्रराम भन्ने शुक्रराज थनेतलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ नं. को विपरीत १३ (२) नं. को कसुरमा ऐ. १३ (२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको मिति २०६५।१२।२ को सुरु बर्दिया जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर : गंगा के.सी.

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-०८६६, ०८७८, लागुऔषध खैरो हेरोइन, *आकाश के.सी. भन्ने वीरबहादुर खत्री वि. नेपाल सरकार, नेपाल सरकार वि. केदार श्रेष्ठसमेत*

प्रतिवादीहरूमध्ये केदार श्रेष्ठ, वीरबहादुर खत्री र गणेशकुमार लामाले अदालतसमक्ष बयान गर्दा आफूहरूलाई प्रहरी प्रतिवेदन र बरामदी मुचुल्कामा उल्लेख भएको स्थान गोंगबु काठमाडौंबाट पक्राउ गरेको नभई भारत दिल्लीबाट पक्राउ गरी ल्याएको र प्रतिवादी मनोज तामाङले अदालतमा बयान गर्दा आफूलाई कुपण्डोलबाट पक्राउ गरेको एवम् बरामदी मुचुल्कामा जबर्जस्ती सहीछाप गराएको, आफूहरूबाट कुनै लागुऔषध बरामद नभएको भनी कसुरमा इन्कार रही बयान गरेको भए पनि बरामदी मुचुल्कामा उल्लिखित स्थान बाहेक अन्यत्रबाट पक्राउ भएको भन्ने पुष्टि हुने प्रमाण निजहरूबाट पेस हुन सकेको देखिँदैन । बरामदी मुचुल्का तयार गर्ने प्र.ज. निता गुरूङ र विकासमान लामा, प्र.ह. राजेश्वर सापकोटा, प्र.ना.नि. भरत थापा र विश्वनाथ गौतमले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूबाट बरामदी मुचुल्काबमोजिमको लागुऔषध बरामद भएको हो भनी बरामद भएको लागुऔषधको परिमाणसमेत उल्लेख गरी लेखाई दिएको देखिँदा बरामदी मुचुल्कालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

लागुऔषधसम्बन्धी अपराध सामान्यत: अन्यथा प्रमाणित नभए Possessory crime अन्तर्गत पर्ने अपराध भएको र सो कुरालाई लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा १२ ले समेत स्पष्ट गरेको छ । उक्त नं. मा भएको कानूनी व्यवस्था हेर्दा "कुनै व्यक्तिका साथमा कुनै लागुऔषध भएको फेला परेमा ... त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तरगत सजाय हुने अपराध गरेको मानिनेछ" भन्ने उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार कुनै व्यक्तिको साथबाट कुनै लागुऔषध बरामद भएमा सो लागुऔषध आफूले कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भनी प्रमाण पुर्‍याउनुपर्ने भार त्यस्तो व्यक्तिमा नै राखीएको स्पष्ट छ। सो कुरा प्रमाणद्वारा पुष्टि गर्न नसकेमा त्यस्तो निषेधित लागुऔषध कसैबाट बरामद हुनु वा फेला पर्नु नै ऐनबमोजिम कसुर कायम गरी सजाय गर्न पर्याप्त हुने देखिने।

प्रतिवादी केदार श्रेष्ठले अदालतसमक्ष बयान गर्दा पक्राउ गरी ल्याएपछि मात्र अरू प्रतिवादीहरूलाई चिनेको, सो भन्दा अगाडि निजहरूलाई नचिनेको भनी लेखाई दिएको र सबै प्रतिवादीहरूबाट अलगअलग परिमाणमा लागुऔषध बरामद भएको पाइँदा बरामद भएको सबै लागुऔषधलाई एकमुष्ठ गणना गरी सोहीबमोजिम कसुर कायम गरी सजाय गर्नु न्यायोचित हुने नदेखिने।

प्रतिवादी आकाश भन्ने विरबहादुर खत्रीबाट २७.४५ ग्राम, प्रतिवादी मनोज तामाङबाट ३.७० ग्राम, प्रतिवादी गणेशकुमार लामाबाट ६.५२ ग्राम

र प्रतिवादी केदार श्रेष्ठबाट ७.१० ग्राम लागुऔषध हेरोइन बरामद भई निजहरूले लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) (च) को कसुर गरेको पुष्टि हुन आएको र ऐ. ऐनको दफा १४ (१) (छ) (१) मा "पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्ष देखि दश वर्षसम्म कैद र पाँच हजार रूपैंयाँ देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना" तथा ऐ. ऐनको दफा १४ (१)(छ) (२) "पच्चीस ग्रामदेखि एकसय ग्रामसम्मको कारोबार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रूपैयाँदेखि दुई लाख रूपैंयाँसम्म जरिवाना" हुने कानूनी व्यवस्था रहेको देखिँदा निजहरूबाट बरामद भएको उल्लिखित लागुऔषधको मात्रा अनुसार प्रतिवादी आकाश भन्ने विरबहादुर खत्रीलाई उक्त दफा १४ (१)(छ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू. ७५ हजार जरिवाना तथा अन्य प्रतिवादीहरू मनोज तामाङ, गणेशकुमार लामा र केदार श्रेष्ठलाई दफा १४ (१)(छ)(१) बमोजिम जनही ५ (पाँच) वर्ष कैद र रू. ५ हजार जरिवाना हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।८ को फैसला सदर गरेको पुनरावेदन अदातल, पाटनको मिति २०६७।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी आकाश भन्ने विरबहादुर खत्रीको र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०४९६, उत्प्रेषण/परमादेश, *फुलेश्वरीदेवी यादव वि. शशी रन्जन यादवसमेत*

मुलुकी ऐन, दण्ड सजायको महलको २६ नं. मा दुनियाको बिगोबापत जायजात गर्दा धन खाने १२ वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टिई सँग बसेका वा त्यो धन खाँदा सँगै बसेका पछि भिन्न हुनेको अंशसमेत जायजात गर्नुपर्छ भन्ने उल्लेख भएको देखिन्छ । उपरोक्त कानूनी व्यवस्थाको आधारमा धन खाँदा एका सगोलमा रहेका पछि छुट्टि भिन्न हुने अंशियारसमेतको अंश भागबाट बिगो असूलउपरको क्रममा जायजात हुनसक्ने नै देखिँदा धनुषा जिल्ला अदालतले मिति २०६८।५।२३ मा गरेको आदेश उपरको अ. बं. १७ नं. को निवेदनमा पुनरावेदन अदालत, जनकपुरबाट जायजात, पञ्चकृते मूल्याङ्कन र डाक लिलामको हकमा समेत मिति २०६८।८।१५ मा भएको आदेशमा कुनै कानूनको त्रुटि भएको नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०७१४, जबर्जस्ती करणी, डाका, *नेपाल सरकार वि. सिल्पा भन्ने सिलिप सरवरियासमेत*

पीडित कोपिला कार्कीको कोशी अञ्चल अस्पतालबाट भएको शारीरिक परिक्षण प्रतिवेदन हेर्दा निजको कन्याजाली च्यातिएको, निजको ढाडको पछाडि Multiple Bruises भएको भन्ने उल्लेख भएको र पीडित कोपिलाका बाबु लोकबहादुर कार्कीले अदालतसमक्ष बकपत्र गर्दा छोरीउपर जबर्जस्ती करणी भएको, छोरीले लगाएका सबै कपडा च्यातिएका शरीर नाङ्गै हुँदा मैले लगाएको स्वीटरले छोरीको गुप्ताङ्ग छोपी घरमा लिएर आए भनी लेखाई दिएको, पीडित कोपिला कार्कीले अदालतमा बकपत्र गर्दा निजले दिएको जाहेरी दरखास्तकै मिलान हुने गरी लेखाई दिएको देखिँदासमेत निज पीडितउपर जबर्जस्ती करणीको कसुर अपराध भएको देखिन आउने।

प्रतिवादी सिलिप सरवरियाले जाहेरवाली पीडितलाई जबर्जस्ती करणी नगरेको भनी अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा इन्कार रही

बयान गरेको भए पनि पीडितले निजलाई सनाखत गरी किटानी जाहेरी दिएको र अदालतमा बकपत्र गर्दासमेत निजलाई चिनेको भनी लेखाई दिएको र पीडितका बाबु लोकबहादुर कार्कीले अदालतमा बकपत्र गर्दा सिलिप सरवरियासमेतका व्यक्तिहरूले छोरीलाई बोकेर लगेका हुन् भनी लेखाई दिएको पाइँदा यी प्रतिवादीको उक्त वारदातमा संलग्नता रहेको थिएन भनी मान्न मिल्ने नदेखिने।

यी प्रतिवादीहरूले पीडितकी आमा दिलमाया कार्कीको साथमा रहेको रू.४३,०००।- नगद रूपैयाँ डाका गरी लगेको भन्ने अभियोग दावी रहेकामा यी सबै प्रतिवादीहरू डाँकाको कसुर अपराध गरेमा इन्कार रहेका देखिन्छन् भने निजहरूका सँग साथबाट कुनै नगद बरामद हुन सकेको देखिदैन। साथै नगद खोसी लगिएकी भनिएकी जाहेरवाली कोपिला कार्कीकी आमा दिलमाया कार्की अदालतमा उपस्थित नै नभएकी हुँदा निजले मुद्दा अनुसन्धानको क्रममा लेखाइदिएको कागजको व्यहोरा यी प्रतिवादीहरूका विरूद्ध प्रमाणमा लाग्न सक्ने देखिएन। ठोस र वस्तुनिष्ठ प्रमाणबाट यी प्रतिवादीहरूउपरको डाँकाको अभियोग दावी पुष्टि हुन नसकेको यस्तो अवस्थामा डाँका जस्तो गम्भीर अपराधमा कसुरदार ठहर गरी सजाय गर्नु न्यायोचित हुने नदेखिने।

प्रतिवादीहरूमध्ये सिल्पा भन्ने सिलिप सरवरियाले पीडित कोपिला कार्कीलाई जबर्जस्ती करणी गरेको भन्ने कुरा पीडितको किटानी जाहेरी, निजको सनाखत कागज, निजको शारीरिक परिक्षण प्रतिवेदन, अदालतसमक्षको बकपत्र समेतबाट पुष्टि भइरहेकामा सबै प्रत्यर्थी प्रतिवादीहरूले जबर्जस्ती करणी र डाँकाको अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६६।३।८ को फैसला केही उल्टी गरी प्रतिवादीहरू मध्ये निज सिल्पा भन्ने सिलिप सरवरियालाई मुलुकी ऐन जबर्जस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय ४ बमोजिम कैद वर्ष ५ (पाँच) हुने र ऐ. १० नं. बमोजिम पीडित कोपिला कार्कीले निज प्रतिवादीबाट रू. २५,०००।- क्षतिपूर्ति भराई पाउने तथा अन्य प्रतिवादीहरू महमद नासीर मियाँ, टीकाराम चौधरी, भोला मियाँ र श्रीप्रसाद यादवका हकमा सुरूको उक्त फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।११।१९ फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत **:** सन्तोषप्रसाद पराजुली

कम्प्युटर **:** मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन १८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०७०५, अवैध हातहतियार खरखजाना, *नेपाल सरकार वि. तुकमान पुन*

प्रतिवादी तुकमान पुन बसेको ठाउँमा साथीहरूसँग भेट हुँदा कुराकानी भएको विषयलाई निजले अवैध हातहतियार जम्मा गर्ने षड्यन्त्र गरेको अनुमान लगाई कसुरदार ठहर गर्न नमिल्ने हुँदा दावीको कसुरबाट प्रतिवादी तुकमान पुनले सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआएबाट सुरू जिल्ला प्रशासन कार्यालय, प्युठानको फैसला उल्टी गरी प्रतिवादी तुकमान पुनले अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।३।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७१ साल चैत ५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०४९५, उत्प्रेषण,

*सोनावती महतो वि. सोमन महतोसमेत*

अंश मुद्दा दर्ता भई अदालतमा विचाराधीन रहेको अवस्थामा एकाघर सगोलको प्रतिवादीमध्येको धनिकलालको नाममा दर्ता रहेको जग्गा दर्ता रहेको व्यक्तिले बेचविखन गरी अन्य अंशियारको अंश हक मार्ने काम हुन सक्ने आशङ्का हुन्छ। यस्तो स्थितिमा अंशियारको अंश भागसम्म कानूनत : अंश मुद्दाबाट रोक्का राख्नुपर्ने हुन्छ। अंश मुद्दा परी अंश भाग लागी बन्डा छुट्टिई नसकेको अवस्थामा जग्गा फुकुवा गर्नु नहुने।

प्रत्यर्थी सोमन र दुखनी महतोले दिएको सा.दे.नं १७२७ को अंश मुद्दाबाट वादीहरूको दावीको जग्गामा अंश हक लाग्ने नलाग्ने यकिन फैसला नभएसम्म निजहरूको हकको दुई भाग जग्गा उक्त विगो मुद्दाबाट हुने लिलामी कार्य रोक्का राख्न माग गर्नुपर्नेमा आफ्नो अंशहकको जग्गा फुकुवा गरिपाउँ भनी परेको निवेदनमा जग्गा नै फुकुवा गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।१।२२ को आदेश कानूनसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०५०४, करकाप, *दिलिपकुमार साहसमेत वि. रामरती देवीसमेत*

वादीहरूको सहीछाप परेको जग्गाको चारकिल्ला प्रमाणितको लागि वडा कार्यालयमा दिएको निवेदन, मालपोत कार्यालयमा लिखत पारित हुन दिएको दर्खास्त फाराम र यसै लिखतसम्बन्धमा गृह मन्त्रालयमा दिएको निवेदनसमेतमा लिखत भएको मिति २०६६।२।२६ भन्न नसकी संजितकुमारले दे.नं. २२५० को लेनदेन मुद्दाको प्रतिउत्तरको प्रकरण ३ मा मिति २०६५।१२।१८ मा मन्दिरमा लगि राजीनामा लेखिराखेको कागजमा करकापसँग जथाभावी सहीछाप गराएको भन्ने उल्लेख गरेको देखिन्छ। सो सम्बन्धमा मिति २०६५।१२।१९ मा जिल्ला प्रशासन कार्यालयमा उजुर गरेको भन्ने उल्लेख गरेको देखिएको छ। त्यस्तै उक्त लिखतको सम्बन्धमा गृह मन्त्रालय समेतमा उजुरी गरेको भन्ने लेखिएको छ। वादी संजितकुमार साहले लेनदेन मुद्दामा दिएको प्रतिउत्तर व्यहोरासमेतबाट यी पुनरावेदक वादीको दावीबमोजिम विवादित लिखत मिति २०६६।२।२६ मा भएको भन्ने देखिन आउँदैन। अर्थात् फिरादपत्रमा वादीहरूले दावी गरेको करकापको वारदात मिति २०६६।२।२६ को अस्तित्व प्रमाणित गर्न स्वयम् वादीहरूले नसकेको स्थिति हुँदा मिसिल संलग्न सम्पूर्ण तथ्यगत प्रमाण व्यहोराबाट वारदात मिति २०६५।१२।१६ नै रहेको पुष्टि भएको र उक्त मितिदेखि प्रतिवादीहरूले यो यसरी बाँधछाँद गरी कब्जामा राखी यो यस मितिबाट उम्कन सफल भई कानूनले तोकेको म्यादभित्र मुद्दा दर्ता गर्न आएको भनी वादीहरूले फिरादमा दावी गर्न नसकेको हुँदा मिति २०६५।१२।१६ नै करकापको वारदात मिति कायम हुन आउने।

हदम्यादको अभावमा फिराद खारेज गरेको सुरू फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।३।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०२५३, लेनदेन, *दिलिपकुमार साहसमेत वि. विद्याकरप्रसाद साह*
- ०६८-CI-०२५४, लेनदेन, *दिलिपकुमार साहसमेत वि. रामरती देवी*
- ०६८-CI-०२५५, लेनदेन, *दिलिपकुमार साहसमेत वि. आशाकुमारी साह*

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-०८७४, कित्ता कायम हा.सा. र दोहोरो स्रेस्ता बदर, *धनबहादुर के.सी. वि. शान्तिदेवी ज्ञवाली*

मालपोतको निर्णयमा के कस्तो प्रमाण बुझी सोको मूल्याङ्कन गरी निर्णय भएको भन्ने उल्लेख हुन नसकेको र थप प्रमाणसमेत नबुझेको अवस्थामा मालपोत कार्यलयको मिति २०६६।२।७ को त्यस्तो निर्णयलाई कानूनसम्मत नभएको भै बदर गरी पुन: जे जो बुझ्नुपर्ने हो बुझी पक्ष विपक्ष राखी पक्ष विपक्षको जग्गाको हाल साविकको नक्सा प्रकृति जग्गाको लम्बाई चौडाइसमेतका सबुत प्रमाणको सङ्कलन र विवेचना गरी मालपोत ऐन, २०३६ को दफा ७(३) समेतलाई मध्यनजर गरी ३ महिनाभित्र निर्णय गर्नु भनी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०१९१, लेनदेन, *मु.स. गर्ने फुलकुमारी उराव वि. कलिम मियाँ*

प्रतिवादीमध्ये जलधारी उरावले मानसिक स्थिति असन्तुलन भएकी हुँदा जालसाजबाट खडा भएको लिखत हो भन्ने जिकिर लिए तापनि लिखत किर्ते जालसाज भन्न सकिने कुनै सबुत प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिएको अवस्थामा ऋणी मैनीदेवीले यी प्रत्यर्थी वादीसित ऋण लिई लिखत गरिदिएको हैन भन्न मिल्ने नदेखिने ।

प्रतिवादी विरेन्द्र यादव ऋणी मैनीदेवीको अपुताली खाने व्यक्ति नभै अपुताली खाने व्यक्तिबाट अंश पाउने व्यक्ति भएको र प्रतिवादी जलधारी उरावले निजकी आमा अर्थात् ऋणि मैनी देवीको मृत्युपछि निजका नामको कि.नं. ६६० को ०-६-१८ को जग्गा नामसारी गराई लिएको पनि देखिन्छ । यसरी ऋणी मैनी देवीको मृत्यु पछि निजका नामको बाँकी रहेको अपुतालीको सम्पत्ति प्रतिवादी जलधारी उरावले खाएको र प्रतिवादी वीरेन्द्र उराव निज मैनीदेवीको अपुताली खाने व्यक्ति नभै अपुताली पाउने प्रतिवादी जलधारी उरावबाट अंश पाउने व्यक्ति देखिँदा वादीदावीको ऋण तिर्नुपर्ने दायित्व प्रतिवादीमध्येका वीरेन्द्र उरावको हुने अवस्था नदेखिने ।

प्रतिवादीमध्ये वीरेन्द्र यादवले ऋणी मैनी देवीको अपुताली नखाएको र प्रतिवादी जलधारी यादवले अपुताली खाएको देखिएको अवस्था भै दावीको ऋणको वादी दावीबमोजिमको साँवा ब्याजसमेत प्रतिवादी जलधारी उरावबाट भरी पाउने ठहराई सुरूको फैसला केही उल्टी गरी र किर्तेतर्फ प्रतिवादी जलधारी उरावलाई हुने सजाय सदरै हुने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।७।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०२५६, लिखत बदर, *राजेन्द्रप्रसाद यादव वि. अकालमती यादवसमेत*

वादीले मेरो घरगोठ भुसैलासमेत मिसाई राजीनामा पारित गरी दिएकाले त्यस्तो लिखत बदर गरिपाउँ भनी दावी लिए पनि उल्लिखित नक्साको न.नं. १, ५ र ६ मा वादी दावीको घर आँगन भुसैला गोठघारी भै वादीले नै भोग गरिरहेको भन्ने देखिएको अवस्थामा प्रतिवादीले मिति २०६५।२।१९ को राजिनामामा मिसाई घुसाई लिखत पारित गरेको भन्ने वादीको पुनरावेदन जिकिरसित सहमत हुन सकिएन तसर्थ

उल्लिखित आधार प्रमाणबाट पुनरावेदन अदालत बुटवलबाट सुरूको फैसला उल्टी गरी वादी दावीको लिखत बदर नहुने ठहर्‍याएको मिति २०६८।१०।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-RC-००९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजु मण्डल चन्द्रवंशी*

प्रतिवादीले अनुसन्धानको क्रममा साविती बयान गरे पनि यिनै प्रतिवादीले नै ललित मण्डललाई मारेको हो भन्ने अभियोग दावीलाई पुष्टि गर्ने किसिमका सबुद प्रमाण बादी पक्षबाट पेस हुन सकेको नदेखिँदा अनुसन्धानको क्रममा साविती बयान गरेको भन्ने आधारमा मात्र कसुरदार ठहर गर्न मिल्ने नदेखिने ।

वस्तुस्थिति मुचुल्काका मानिसहरू कालिपद मण्डल, जुगल मण्डल, माहावीर मण्डल, सुरेन्द्रकुमार कविरथ र सहदेव कविरथले लेखाएको व्यहोरा हेर्दा प्रतिवादी राजु मण्डल चन्द्रवंशीसमेतले मृतक ललित मण्डललाई मारेको भन्ने सुनी थाहा पाएको हो, यी प्रतिवादीसमेतले मारेकामा विश्वास लाग्छ भनी लेखाएको पाइन्छ । सो मुचुल्काका कुनै पनि व्यक्तिले यी प्रतिवादीले मृतक ललित मण्डललाई मारेको हो भनी किटानीसाथ लेखाएको अवस्था नहुँदा केवल “सुनी थाहा पाएको हो” भन्ने र “विश्वास लाग्छ” भन्ने भनाईलाई नै प्रतिवादी उपरको अभियोगलाई पुष्टि गर्ने प्रमाणको रूपमा ग्रहण गरी यही भनाइको आधारमा मात्र कसुरदार ठहर गर्न मिल्ने पनि नदेखिने ।

फौजदारी मुद्दामा अभियुक्तउपर लगाइएको कसुर प्रमाणित गर्ने भार बादीमा रहने तथा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको आधारभूत सिद्धान्तलाई हाम्रो कानूनी व्यवस्थाले पूर्णरूपले अङ्गीकार गरेको छ । प्रस्तुत मुद्दामा मृतकको मृत्युको कारण नै यकिन नभएको र नरकङ्कालको रूपमा फेला परेको शरीर कसको शरीर हो भन्ने यकिन हुन सकेको अवस्थासमेत छैन । साथै बरामद भएको कङ्काल परीक्षणसमेत हुन नसकेको अवस्थामा केवल प्रतिवादीको प्रहरीसमक्ष भएको साबिती बयान कै आधारमा यी प्रतिवादी राजु मण्डल चन्द्रवंशीलाई दोषी करार गर्नु न्याय र अदालतबाट स्थापित कानूनी सिद्धान्तहरू समेतको प्रतिकूल हुँदा प्रतिवादी राजु मण्डल चन्द्रवंशीलाई ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३ नं. को कसुर अपराधमा ऐ. १३(४) बमोजिम सजाय गर्ने गरी भएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।०५।१६ को फैसला उल्टी भै प्रतिवादी राजु मण्डल चन्द्रवंशीले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

कम्प्युटर : रूपा महर्जन

इति संवत् २०७१ साल पुस ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-००४३, बन्दीप्रत्यक्षीकरण, *रोशन श्रेष्ठ वि. श्री कारागार कार्यालय, काभ्रेपलाञ्चोकसमेत*

आफूलाई लागेको कैद जरीवानाबापत आफैँ अदालतमा उपस्थित भई धरौट राखी अ.बं. १९४ नं. बमोजिमको सुविधा पाइसकेपछि कानूनबमोजिम सर्वोच्च अदालतबाट अन्तिम निर्णय नभएसम्मको लागि लागेको कैद तथा जरिवाना असुल गराउन भनी लागिएको कार्यलाई न्यायको मर्म र भावनाअनुकूलको मान्न नसकिने ।

निवेदक पूर्णनारायण श्रेष्ठलाई थुनामा राख्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा निजलाई थुना मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । पुनरावेदन अदालत, पाटनको च.नं. ४०५ मिति २०७१।०८।२९ को कैद म्याद

ठेकी कारागारमा पठाउने पुर्जीलगायतका सम्पूर्ण कामकारवाहीहरू बदर हुने।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : रूपा महर्जन

इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविदकुमार उपाध्याय,** ०६७-WO-०९२०, उत्प्रेषण, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० स्थित सोसाइटी अफ आर्किटेक्चर एन्ड इन्जिनियरिङ कमर्स (स्काएफ) कातर्फबाट अख्तियारप्राप्त अध्यक्ष केशवमान अमात्य वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५१ को उपदफा (१) मा पुनरावलोकनको लागि दफा ५० को उपदफा (१) बमोजिम दिइएको निवेदनमा पुनरावलोकन समितिबाट निर्णय नभएसम्म सार्वजनिक निकायले खरिद कारवाही रोक्का गर्नु पर्नेछ र उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि (क) खरिद कारवाहीमा निहित महत्वपूर्ण सार्वजनिक हितको कारणबाट खरिद कारवाही जारी राख्न जरूरी भएको कुरा प्रमाणित गरी सार्वजनिक निकायले पुनरावलोकन समितिलाई जानकारी दिएमा, वा (ख) दफा ५० को उपदफा (४) को अवधिभित्र पुनरावलोकन समितिबाट निर्णय हुन नसकेमा, वा (ग) खरिद सम्झौता भैसकेकामा खरिद कारवाही रोक्का गर्नुपर्ने छैन भनी उल्लेख भएका व्यहोराबाट उक्त ऐनले यस सम्बन्धमा आवश्यक सबै कुरा समावेश गरी व्यापक र दूरदर्शी कानून निर्माण गरेको देखिन्छ। प्रस्तुत सम्झौता यो यस्तो कुत्सित स्वार्थपूर्तिका लागि भएको हो सार्वजनिक हितका लागि भएको होइन भन्ने कुरालाई निवेदकले रिट प्रयोजनको लागि प्रमाणित गर्नुभएको देखिँदैन। यो विषय प्रमाणित नगरे नभएसम्म प्रस्तुत रिट जारी हुन सक्ने नदेखिने।

आयोजनाको काम स्थगित गर्नु भनेको द्विदेशीय सम्झौता भङ्ग गर्नुहुन्छ। यस्तो सम्झौता भङ्गको विषय अन्तर्राष्ट्रिय कानून भङ्गको विषय बन्न पुग्छ। त्यस अवस्थामा विद्युत् अभावबाट उत्पन्न विकराल समस्याका अतिरिक्त नेपालको गुम्ने प्रतिष्ठा र माथिबाट व्यहोर्नु पर्ने आर्थिक क्षतिपूर्तिलगायतका परिस्थितिसँग कसरी जुध्ने बडो गम्भीर प्रश्न छ। निवेदकको मागबमोजिमको आदेश जारी भएमा न देशले विद्युत् सङ्कटबाट राहत पाउन सक्छ न नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठा जोगिन सक्छ, थपमा आर्थिक व्ययभार र पछि यो काम गराउँदा महङ्गी बढ्ने कुरा त छँदैछ। Good faith को आधारमा भएको सम्झौता दुवै पक्षका लागि बन्धनकारी रहेको र त्यसको अक्षरश: पालना गर्नुपर्ने (agreement must be honored) अन्तर्राष्ट्रिय मान्यतासमेत रहिआएको पाइने हुँदा निवेदनले माग गरेबमोजिमको रिट निवेदन जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : केशवप्रसाद घिमिरे

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-WO-११३८, उत्प्रेषण, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० स्थित सोसाइटी अफ आर्किटेक्चर एन्ड इन्जिनियरिङ कमर्स (स्काएफ) कातर्फबाट अख्तियारप्राप्त अध्यक्ष केशवमान अमात्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०९१२, उत्प्रेषण/परमादेश, *अम्बिका बस्नेतसमेत वि. काष्ठमण्डप डेभलपमेन्ट बैङ्क लिमिटेड, न्युरोडसमेत*

ललितपुर जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेका दूषित लिखत बदर दर्ता बदर, जालसाजी र धितो दृष्टिबन्धक लिखत बदर मुद्दाबाटै यी निवेदकहरूको हक स्थापित हुन सक्छ कि सक्दैन भन्ने विषय नै ललितपुर जिल्ला अदालतको subjudice

को अवस्था हो भन्ने देखिन आउँछ। तल्लो अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभावित गर्ने गरी विवादित सम्पत्तिमा यी निवेदकहरूको निर्विवाद हक स्थापित भएको मानी अन्तरिम आदेश जारी गर्न सकिने अवस्था हुनु हुँदैन। मुलत: प्रष्ट हक स्थापित भैसकेको कसैको निर्विवाद सम्पत्ति भएको अवस्थामा सम्म त्यस्तो निर्विवाद हकमा उत्प्रेषणलगायत निषेधाज्ञाको आदेश जारी हुन सक्तछ। प्रस्तुत निवेदनमा निवेदकहरूले दावी लिएको कि.नं. ७३८ र ३८७ को घर जग्गामा निवेदकहरूको हक स्थापित भैसकेको अवस्था नहुँदा यस्तो हक स्थापित नै नभएको अदालतमा मुद्दा दायर भई विचाराधीन अवस्थामा रहेको सम्पत्तिको हकमा उत्प्रेषण परमादेशको आदेश जारी गर्न सिद्धान्तत: मिल्ने नदेखिने।

वादी यी निवेदकहरू तथा प्रतिवादी उद्धव के.सी.समेत भएको दूषित लिखत बदर दर्ता बदरसमेत मुद्दामा अ.बं. १७ नं. बमोजिमको निवेदनको रोहमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।३।५ मा भएको आदेशलाई निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने अवस्था नदेखिने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस ६ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०७०-WO-०९११, उत्प्रेषण/परमादेश, *अम्बिका बस्नेतसमेत वि. काष्ठमण्डप डेभलपमेन्ट बैङ्क लिमिटेड. न्युरोडसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६९-WO-१२००, उत्प्रेषण/परमादेश / प्रतिषेध / अधिकारपृच्छा, *अधिवक्ता ओमप्रकाश अर्याल वि. राष्ट्रपतिको कार्यालय, सितल निवास काठमाडौंसमेत*

जाँचबुझ आयोगको निर्णय वा प्रतिवेदनको विषयले प्रत्यक्षत: कसैको हक हैसियतमा असर पार्दैन। जाँचबुझ आयोग ऐन स्वयम्ले प्रत्यक्षरूपमा कसैलाई दोषी ठहर गर्न सक्तैन, कुनै अपराधको आरोप वा अभियोग लागी न्यायिक प्रक्रियाबाट पुष्टि र प्रमाणित हुनुपर्दछ। सो प्रतिवेदन हालसम्म सार्वजनिकसमेत भएको छैन। औपचारिकरूपमा सार्वजनिक नै नभएको जाँचबुझ आयोगको प्रतिवेदनको ठहरलाई नै व्यक्तिको ख्याती र चरित्रसँग तुलना गर्न मिल्ने होइन। जनआन्दोलनको रूपमा मुख्य सचिव भई कार्य गरेको अवस्थामा निजबाटै मानवअधिकारको उल्लङ्घन भएको थियो वा थिएन र निजले उच्च नैतिक चरित्र प्रवर्द्धन गरेका थिए थिएनन् र सत्ता अनि शक्तिको दुरूपयोग भएको थियो थिएन भन्ने कुरा न्यायिक निकाय र न्यायिक प्रक्रियाबाट निर्क्योल भएको नदेखिने।

विपक्षी लोकमानसिंह कार्कीका विरूद्ध फौजदारी अभियोग लाग्नसक्ने गरी भ्रष्टाचार मुद्दा दायर भएकामा सक्षम न्यायिक निकाय (अदालत) बाट तहतह फैसला भै यस अदालतबाट समेत निजउपरको कसुर ठहर हुन नसकी सफाइ पाइसकेको अवस्थामा निज विरूद्ध मुद्दा दायर भएकै आधारमा निजलाई अयोग्य कायम गर्न कुनै संवैधानिक तथा कानूनी आधार निवेदकले देखाउन सकेको पाइँदैन। कुनै व्यक्तिका विरूद्ध अभियोग लगाउनु र न्यायिक प्रक्रियाबमोजिम उक्त कसुर अभियोग प्रमाणित हुनु भनेको नितान्त पृथक कुरा हुने।

सेवा प्रवेश भएको मिति २०४१।४।९ बाट अवकास भएको मिति २०६५।५।२५ को अवधिलाई गणना गर्दा जम्मा सेवा अवधि २४ वर्ष १ महिना १६ दिन देखिन आएको छ। सरकारी सेवामा उपसचिवको पदबाट सेवा प्रवेश गरी विभिन्न मन्त्रालयहरूमा कार्य गरेको अनुभव प्राप्त गरी मुख्य सचिवको पदबाट अवकास पाएका व्यक्ति निज लोकमानसिंह कार्कीको संविधानको धारा ११९(५)(ग) बमोजिमको योग्यता भएको देखिएकाले संविधानको उक्त धाराबमोजिमको योग्यता नपुगेको भन्ने निवेदकको भनाइसँग सहमत हुन

नसकिने।

माथि विभिन्न परिच्छेदमा गरिएको विश्लेषणको आधारमा संविधानको धारा ११९(५) बमोजिमको योग्यता नपुगेको र जनआन्दोलन दबाउन मुख्य भूमिका खेली मानवअधिकार हनन् गरेको व्यक्तिलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नियुक्ति गर्ने संवैधानिक परिषद्को सिफारिस एवम् सम्माननीय राष्ट्रपतिबाट भएको नियुक्ति र का.मु. प्रधानन्यायाधीशबाट भएको शपथ ग्रहणसमेत कानूनविपरीत भएकाले उत्प्रेषणलगायतका आदेश जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : चाणकमणि अर्याल

कम्प्युटर : रानु पौडेल / चन्द्रा तिमिल्सिना

इति संवत् २०७१ साल असोज ८ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको २०६९-WO-०९९८, उत्प्रेषण/परमादेश, *अधिवक्ता ओमप्रकाश अर्याल वि. राष्ट्रपतिको कार्यालय, सितल निवास काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WO-१२८९, उत्प्रेषण/परमादेश, *हेमलाल हेमचुरीसमेत वि. कृषि विकास बैङ्क, शाखा कार्यालय, तानसेनसमेत*

निवेदकलाई आफ्नो अंश भागमा परेको ऋण तिर्ने अवसर नदिई रोक्का जग्गा फुकुवा नगरी निकासा नदिई रहने हो भने एकातर्फ बैङ्कको ब्याजको भार बढ्दै जाने र अर्कोतर्फ अदालतको फैसलाले प्राप्त गरेको अंश जस्तो नैसर्गिक हकको प्रचलन र भोग गर्नबाट निवेदक विमुख हुन जाने स्थिति उत्पन्न हुन जाने।

माथि प्रकणमा विवेचना गरिएका आधार कारणहरूबाट पाल्पा जिल्ला अदालतको मिति २०६०।५।२ को आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६७।८।२३ मा भएको आदेश मिलेको नदेखिँदा उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदकहरूले पाल्पा जिल्ला अदालतको मिति २०६३।३।१९ मा भएको फैसला र मिति २०६४।९।२२ को बन्डा मुचुल्काबमोजिम बन्डा पाउने ठहरेको जिल्ला पाल्पा तानसेन नगरपालिका वडा नं. ४ कि.नं. २९६ क्षेत्रफल २-२-३-० रोपनी जग्गामध्ये पश्चिमतर्फबाट १-१०-३-० रोपनी जग्गाका सम्बन्धमा कृषि विकास बैङ्क पाल्पाबाट रोक्का रहेकामा सो ऋणको हालसम्मको साँवा र व्याजको आफ्ना भागमा पर्ने ५ भागको २ भाग हिस्सा ऋण तिरे बुझाएमा निजहरूको अंश भागमा परेको जग्गाको हदसम्मको धितो रोक्का जग्गा फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : केशवप्रसाद घिमिरे

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-०५२१, निर्णय दर्ता बदर दर्ता हक कायम, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मु.स. गर्ने बुद्धिमाया श्रेष्ठसमेत*

कुनै पनि जग्गासम्बन्धी मुद्दाको विवादमा हकदैया, हदम्याद र हकको स्रोतको विवेचना हुन जरूरी हुन्छ । आयकर अदालतको कार्यबाट कुनै जग्गामा कसको हक पुग्को छ वा छैन भनी हेरिने कार्य हुन नसक्ने।

जहाँ वादीले उपचार माग्ने प्रक्रियामा त्रुटि गर्दछ त्यसलाई अदालतले सच्याउन सक्दैन। समयमा सावधानी नअपनाउने पक्षलाई न्यायकर्मी र अदालत र कानूनले मद्दत पुर्‍याउन नसक्ने।

वादी दावी पुग्न नसक्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६४।३।१४ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।११।१६ गतेको फैसला मिलेकै

देखिँदा सदर हुने ठहर्छ । वादी दावीबमोजिम लिखत बदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०६६-CI-०५२२, दर्ता बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मु.स. गर्ने बुद्धिमाया श्रेष्ठसमेत*
- ०६६-CI-०५२३, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मु.स. गर्ने बुद्धिमाया श्रेष्ठसमेत*
- ०६६-CI-०५२४, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मु.स. गर्ने बुद्धिमाया श्रेष्ठसमेत*
- ०६६-CI-०५२५, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मु.स. गर्ने बुद्धिमाया श्रेष्ठसमेत*
- ०६६-CI-०५२६, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. चुनुदेवी पाण्डेसमेत*
- ०६६-CI-०५२७, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. चुनुदेवी पाण्डेसमेत*
- ०६६-CI-०५२८, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मङ्गले श्रेष्ठसमेत*
- ०६६-CI-०५२९, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मङ्गले श्रेष्ठसमेत*
- ०६६-CI-०५३०, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मङ्गले श्रेष्ठसमेत*
- ०६६-CI-०५३१, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. मङ्गले श्रेष्ठसमेत*
- ०६६-CI-०५३२, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. बहादुर तामाङसमेत*
- ०६६-CI-०५३३, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. डोल्मा शेर्पासमेत*
- ०६६-CI-०५३४, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. बहादुर तामाङसमेत*
- ०६६-CI-०५३५, लिखत बदर *मु.स. गर्ने प्रकाश पाण्डे वि. पेमनुरे शेर्पासमेत*
- ०६६-CI-०५३६, लिखत बदर, *मु.स. गर्ने प्रकाश पाण्डे वि. डोल्मा शेर्पासमेत*

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१९०, परमादेश, *शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

रिट निवेदक नेपाल स्वास्थ्य सेवा जस्तो संवेदनशील र अत्यावश्यकीय सेवाअन्तर्गतको कर्मचारी भएको देखिन्छ । त्यस्ता कर्मचारीले सरकारले खटाएको कार्यालयमा गई स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेमा सरूवा भएको करिब तीन महिनासम्ममा पनि बरबुझारथ नगरी स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवामा आलटाल गरी सरूवा भएको कार्यालयमा नगई आफ्नो कर्तव्य पूरा नगर्ने तर सरूवा भएको करिब तीन महिनापछि केवल पत्र बुझेको मितिलाई आधार लिई रिट निवेदनको माध्यमबाट अधिकारको मात्र खोजी गर्नु न्यायसङ्गत हुने नदेखिने ।

अधिकार र कर्तव्य एकैसाथ आउने कुरा हुन् । अधिकार खोज्नेले आफ्नो कर्तव्यको पनि पालना गर्नुपर्ने हुन्छ । निवेदक सरूवा भएको लामो समयसम्म पनि सरूवा भएको कार्यालयमा नजानुबाट निजले आफ्नो कर्तव्यको पालना गरेको देखिँदैन । रिट निवेदकले दावी लिएको बरबुझारथको म्यादसमेत हालसम्ममा समाप्त भैसकेको अवस्था हुँदा सो सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट आदेश जारी गरिरहन पर्ने नदेखिने ।

निवेदकले आफू सरूवा भएको कार्यालयमा गएर काम गर्नुपर्ने र सोही कार्यालयबाट नियमानुसार तलब भत्ता प्राप्त गर्नुपर्ने हुन्छ । निजले कानूनबमोजिम प्राप्त गर्ने तलब भत्ता सम्बन्धित कार्यालयबाट प्राप्त

गर्नसक्ने नै हुँदा सो सम्बन्धमा रिट जारी गरिरहन पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७०-WO-०४६८, उत्प्रेषण, *चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, काठमाडौंमा कार्यरत शाभाचन्द्र मिश्रसमेत वि. नेपाल सरकार, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल काठमाडौं* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** २०७०-CR-०७११, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. गुरूदत्त भन्ने विनोद रिमालसमेत*

वादीले आफ्नो गवाहको रूपमा जाहेरवालाहरूलाई बकसपत्रको लागि उपस्थित गराई अभियोग दावी समर्थन गर्न सकेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्न भार वादीको हुनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। वादीले आफ्नो गवाहको रूपमा जाहेरवालाहरूलाई बकपत्रको लागि उपस्थित गराई अभियोग दावी समर्थन गर्न नसकेको र अभियोग स्थापित गर्ने विश्वासनीय अन्य सबुद प्रमाण मिसिल सामेल रहे भएको नदेखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालाहरूलाई वादी पक्षले उपस्थित गराई बकपत्र गराउन सकेको नपाइएको र जाहेरवालाहरूको नाममा वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको अ.बं. ११५ नं. को म्यादभित्र उपस्थित हुन नआई गुजारी बसेको देखिँदा वादी दावीको पुष्ट्याई भएको मान्न मिलेन। साथै प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रही अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गरेको देखिएको, प्रतिवादीले वैदेशिक रोजगार नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको साक्षी बद्रीनाथ पाण्डेको बकपत्र, अभियोग स्थापित गर्न विश्वासनीय अन्य सबुद प्रमाण मिसिल सामेल रहे भएको नदेखिँदा वादीको अभियोग माग दावी पुग्न सक्दैन आरोपित कसुरबाट प्रतिवादीहरू गुरूदत्त भन्ने विनोद रिमाल र सञ्जीव पाठकले सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।०८।१८ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

शाखा अधिकृत : अम्बिकाप्रसाद दाहाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल चैत २६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** २०७०-CR-०३३४, चोरी (ट्याक्सी), *नेपाल सरकार वि. छिरिङ लामा भन्ने जिरसिंह तामाङसमेत*

बरामद ट्याक्सी किष्ट बैङ्क धनी रही ऋणी केदारप्रसाद त्रिपाठी रहेको भन्नेसमेत व्यहोराको यातायात व्यवस्था विभागको पत्रसमेतबाट देखिई प्रतिवादीहरूले चोरीको महलको १ नं. को कसुर गरेको तथ्य पुष्टि भैरहेको अवस्थामा जाहेरवालाको बकपत्र नभएको भनी बकपत्रलाई मात्र आधार बनाई तदनुरूप प्रतिवादीहरूलाई चोरीको उद्योगमा मात्र कसुर गरेको भनी सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म त्रुटिपूर्ण भै मिलेको नदेखिँदा बा.१ ज. १४४४ नं. को ट्याक्सी प्रतिवादीहरू छिरिङ लामा भन्ने जिरसिंह तामाङ र तेजबहादुर तामाङको कब्जामा

रहेको कुरा प्रहरी प्रतिवेदकहरूको बकपत्रबाट समर्थित भैरहेको हुँदा प्रस्तुत वारदात चोरीको महलको १७ नं. अन्तर्गत पर्ने नभई चोरीको महलको १ र १२ अन्तर्गत पर्ने हुनाले प्रतिवादीद्वयले चोरीको महलको १ र १२ नं. अन्तर्गतको कसुर गरेको ठहर्छ। सो ठहर्नाले पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।२० गतेको फैसला उल्टी भई चोरीको १२ नं. ले प्रतिवादीहरूलाई जनही कैद महिना एक र जनही चारचार लाख जरिवानासमेत हुने।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल
कम्प्युटर : चन्द्रा तिमिल्सेना
इति संवत् २०७१ साल फागुन २६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** २०७०-CR-०८३९, वैदशिक रोजगार, *नेपाल सरकार वि.ओम पुनसमेत*

जाहेरवाला अमित कार्कीले बकपत्र गर्दा वैदेशिक रोजगारमा अफगानिस्तान जान रूपैयाँ दिएको भनी बकपत्र गरे तापनि निजले आफ्नो जाहेरीसाथ सो रकम बुझाएको लिखत प्रमाणहरू पेस गरेको देखिँदैन। निज जाहेरवाला अमित कार्कीले बकपत्र गर्दा पेस गरेको मिति २०६८।५।२७ को सक्कल लिखत कागज हेर्दा उक्त लिखत जाहेरी दर्ता भएको मिति २०६८।४।८ भन्दापश्चात् अर्थात् मिति २०६८।५।२७ मा खडा भएको देखिन्छ भने बाउन्स भएको भनी पेस भएको प्रभु फाइनान्स कम्पनी लिमिटेडको चेक जाहेरी परेको मिति २०६८।०४।०८ भन्दा पछि मिति २०६८।८।१५ को देखिन्छ । यसबाट जाहेरी व्यहोरा र प्रस्तुत कागजातहरू बीच तादाम्यता नरहेकाले प्रतिवादीले जाहेरवालाका आफन्तलाई वैदेशिक रोजगारमा दुबई पुर्‍याई अलपत्र पारेको भन्ने जाहेरी व्यहोराको पुष्ट्याई शङ्कारहित रूपबाट हुन सकेको नदेखिने हुँदा वादी दावी नपुग्ने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०६९।०३।१८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

शाखा अधिकृत : अम्बिकाप्रसाद दाहाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७१ साल चैत २६ गते रोज ५ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८१९, उत्प्रेषण, *मचाकाजी महर्जन वि. नानीमयजु महर्जनसमेत*

लिखतमा विपक्षी नानीमयजु र विपक्षी सुर्जमान साक्षी बसेको पाइँदैन। यी प्रतिवादी मुलुकी ऐन, लेनदेन व्यवहारको ८ वा ९ नं. वा अन्य कानूनबमोजिम घरको मुख्य भएको कुरा देखिँदैन। यस अवस्थामा यी प्रतिवादीले आफूखुसी गरेको व्यवहारमा अरू अंसियार बाँधिएका भन्न मिल्दैन । ऋण लिएको उक्त रकम के कुन प्रयोजनमा खर्च भयो यो कुरा रिटबाट निरोपण हुने विषय नहुने।

घर बन्डा हुने तर सो बनाउँदा लिएको ऋण बन्डा नहुने भन्ने निवेदन जिकिरको निरोपण रिटबाट गर्न मिल्दैन । यस कुराको छिनोफानो अंश मुद्दा र लेनदेन मुद्दाको फैसलाले गर्ने हो । निवेदकको ऋणसम्बन्धी जिकिरमा शङ्का रहेबाटै अंश मुद्दामा भएको फैसलाले स्पष्ट तवरबाट उल्लिखित ऋण बन्डा लाग्ने भन्न नसकी साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने भनी भनेको हो । अंशबन्डा भनेको पाउने अंशका अतिरिक्त ऋण आदि दायित्वको पनि बन्डा हो । यसमा फैसलामा सामान्य चलनचल्तीको रीत पुर्‍याउने भाषाको प्रयोग हुनु भनेको उक्त ऋण बन्डा नहुने तर लेनदेन मुद्दा परेमा त्यसबाट केही थप कुरा देखिएमा सोबमोजिम हुने भन्नु हो। त्यस प्रकारले लेनदेन मुद्दाको फैसलामा कुनै थप कुरा उल्लेख भएको नपाइने।

बिगो भरिभराउको विषयमा केही गरे बिराएको कुरा अ.बं.१७ नं. बाट निवारण गर्नुपर्ने हुन्छ । मुद्दा

विचाराधीन रहेको अवस्थाका लागि अ.बं. १७ नं. को सीमित अधिकार भनी प्रतिपादित व्याख्यालाई मुद्दा टुङ्गो लागी बिगो भराउने सन्दर्भमा हुने कामकारवाहीमा आकर्षित गर्न नमिल्ने ।

सुरू अदालतको आदेशलाई मुलुकी ऐन अ.बं. १७ नं. अन्तर्गत हेर्न र बदर गर्न मिल्दैन भन्ने रिट निवेदकको जिकिरसँग सहमत हुन नसकिने भई रिट निवेदन ग्रहणयोग्य देखिन नआएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन । आज कारण देखाउको लागि पेस भएकै दिनमा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल वैशाख ६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८२६, उत्प्रेषण, *सीतादेवी खिडहरि वि. नरेन्द्रकुमार खिडहरिसमेत*

निवेदिकाले निवेदिकाको हकको घरजग्गालाई विपक्षी राजेन्द्रको हक पुग्ने देखाई विपक्षीहरूले रोक्का राखी खिचोला गरेकाले सो मेटाई पाउँ भनी सबुद प्रमाण देखाई साधारण अधिकारक्षेत्रबाट उपचार लिनुपर्छ । यसमा रोक्का तत्काल फुकुवा हुनुपर्ने तर खिचोला मुद्दा चलेमा धेरै समय लाग्ने भन्ने निवेदिकाको तर्क हुन सक्छ । तर रिटको टुङ्गो लाग्ने समयभन्दा धेरै कम समयमा जिल्ला अदालतहरूबाट मुद्दाको फछ्र्यौट भैरहेको आजको यथार्थलाई कोही कसैले नकार्न नमिल्ने ।

पुनरावेदन अदालत, जनकपुरले फैसला कार्यान्वयनका बखत यो घरजग्गाबाट विपक्षी वादीको बिगो भरिभराउ हुने नहुने कुराको सोही बेला टुङ्गो लाग्ने गरी निवेदिकालाई तत्सम्बन्धमा पुनः मौका दिँदै न्यायको रोहमा सम्म रोक्का राखेको आदेशलाई अन्यायपूर्ण भन्न नमिल्ने ।

माथि उल्लेख भएबमोजिम विवादास्पद हकको आधारमा रिट जारी नहुने तथा फैसला कार्यान्वयन हुँदाका बखत प्रस्तुत विवादको आधिकारिक टुङ्गो लाग्ने नै देखिँदा पुनरावेदन अदालत, जनकपुरले घर जग्गा रोक्का राखेको मिति २०७१।११।२९ को आदेशबाट निवेदिकाको मौलिक वा कानूनी हक हनन् भएको मान्न मिलेन । तसर्थ विपक्षीहरूसँग लिखितजवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल वैशाख ८ गते रोज ३ शुभम् ।

## रीत/बेरीत आदेश

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RE-०१९०, उत्प्रेषण / परमादेश, *ताराप्रसाद रिजालसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

यसमा यी निवेदकहरूले अन्तरिम आदेशको माग गरेकामा सुविधा र सन्तुलनको आधारमा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी हुनु पर्नेमा अन्तरिम आदेश जारी गर्न नमिल्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।२७ मा भएको आदेश बेरीतको देखिएको हुँदा बदर गरिदिएको छ । उक्त आदेश बदर गरी नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१।१०।२२ को निर्णय र सो निर्णयको आधारमा जारी गरेको मिति २०७१।११।१० को पत्रादेश कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरकालीन आदेश जारी हुने ।

इति संवत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-१०६३, उत्प्रेषण, *अधिवक्ता सल्लु तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यसमा अन्तरिम आदेश माग भएसम्बन्धमा

विचार गर्दा सार्वजनिक जग्गा सर्वसाधारणको हितको लागि प्रयोग गर्नुपर्ने र प्राकृतिक विपत्तिको समयमा समेत खुल्ला क्षेत्र आवश्यक पर्ने देखिँदा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ अनुसार व्यक्ति तथा संस्थालाई सरकारी जग्गा लामो समयको लागि लिजमा दिँदा नागरिकको सार्वजनिक हितमा प्रत्यक्ष असर पर्नसक्ने देखिँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उल्लिखित कार्यनीतिअनुसार सरकारी जग्गा लिजमा दिने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-१०६९, उत्प्रेषण, *किरण पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समितिले अनमोल मेडिसिन सप्लायर्स पोखरालाई अस्पताल हाताभित्र फार्मेसी सञ्चालनको लागि पठाएको मिति २०७२।१।८ को आसय पत्रमा ४(चार) वर्षको लागि भाडामा सञ्चालन गर्न भन्ने उल्लेख भएको देखिन्छ। नेपाल सरकारले लागू गरेको राष्ट्रिय स्वास्थ्य नीति तथा अस्पताल फार्मेसी निर्देशिका, २०७० मा सबै सरकारी अस्पतालले आफ्नै स्वामित्वको फार्मेसी सेवा दिनुपर्ने भनी उल्लेख भएको तथा रिट निवेदक विष्णुप्रसाद तिमिल्सिना भएको रिट नं. ०७१-WO-०९६१ को रिट निवेदनमा यस अदालतबाट मिति २०७२।३।१३ मा अन्तरिम आदेश जारी हुँदाका बखत सबै अस्पतालहरूमा अस्पतालबाट फार्मेसी सेवा सञ्चालन गराई सरकारबाट घोषित नि:शुल्क औषधि सबै अस्पतालबाट वितरणको व्यवस्था नगरेसम्म कुनै पनि बाहिरी व्यक्तिलाई भाडा वा ठेक्कामा आफ्नो हाताभित्र फार्मेसी खोल्न नदिनु भनी स्वास्थ्य सेवा विभाग तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नाममा आदेश जारी भएको अवस्थामा घोषित नीति र अदालतको पूर्व आदेशको विपरीत हुने गरी लामो समयको लागि अस्पताल हाताभित्र फार्मेसी सञ्चालन गर्न भाडामा दिने गरी गरिएको निर्णय र सो अनुसार जारी गरिएको आशयपत्र अनुसारको फार्मेसी सञ्चालनसम्बन्धी कामकारवाही प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म अगाडि नबढाउनु यथास्थितिमा राख्नु भनी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति पोखरालगायतका अन्य विपक्षीका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-१०७०, उत्प्रेषण, *संवैधानिक तथा न्यायिक पत्रकार मञ्च अनामनगर काठमाडौंको तर्फबाट अ.प्रा. किशोर पौडेलसमेत वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

अन्तरिम आदेशको माग सम्बन्धमा छलफलको निमित्त उपस्थित हुन मिति २०७२।४।७ को पेसी तारिख तोकी छलफलको मितिसम्म राष्ट्रिय समाचार समितिबाट मिति २०७२।२।२६ मा प्रकाशित सीमित खुल्ला प्रतियोगितात्मक परीक्षासम्बन्धी सम्पूर्ण कामकारवाही तत्काल अगाडि नबढाउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७१-WO-१०६२, उत्प्रेषण, *लक्ष्मीदेवी अर्याल वि. सत्यदेवी गुरूङसमेत*

यसमा काठमाडौं महानगरपालिकाले मिति २०७०।१।२ मा गरेको फैसलामा उल्लिखित भएबमोजिमको बाटो विपक्षीहरूबाट मास्ने वा अवरोध सिर्जना भएमा निवेदकलाई पर्नसक्ने अपूरणीय क्षतिलाई विचार गर्दा उक्त बाटो मिच्ने वा बाटोमा अवरोध पुर्‍याउने कार्य नगर्नु नगराउनु भनी विपक्षी नं. १ र २ को नाउँमा सर्वोच्च अदालत नियमावली,

२०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७१-WO-१०७१, उत्प्रेषण, *रूकान्ती यादवसमेत वि. मालपोत कार्यालय, बारासमेत*

यसमा विवादित जग्गा मिति २०२९।१०।२९ को भूमि प्रशासन कार्यालय, बाराको निर्णयले सरस्वती देवीका नाउँमा दर्ता भै जग्गाधनी प्रमाण पुर्जा पाई निजको शेषपछि मिति २०५४।९।२३ तथा मिति २०६८।६।१२ को मालपोत कार्यालय, बाराको निर्णयबाट क्रमश: निवेदक सत्यनारायण र निवेदक सत्यनारायण माडवारीको नाममा नामसारी दा.खा. भएको देखिँदा सुविधा र सन्तुलनको दृष्टिबाट साविक कि.नं. २ को १-३-१५ जग्गा कुनै व्यहोराबाट अरू कसैलाई हस्तान्तरण प्रयोग गर्न नदिई यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७१-WO-१०७२, उत्प्रेषण/परमादेश, *ताराकुमारी आचार्य वि. परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरसमेत*

यसमा अन्तरिम आदेशको हकमा विचार गर्दा, निवेदिका कक्षा ९ देखि कन्यामन्दिर उच्च मा.वि. मा अध्ययनरत् रही सोही विद्यालयबाट SLC Registration Form भरी परीक्षा दिई उत्तीर्ण गरेको कुरा उक्त विद्यालयको मिसिल संलग्न मिति २०७२।३।६ र २०७२।३।२३ को पत्रबाट देखिएकाले विपक्षीको निर्णयबाट निवेदिकालाई पर्नसक्ने अपूरणीय क्षतितर्फ विचार गर्दा पछि ठहरेबमोजिम हुने नै हुँदा हाल विपक्षी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिको मिति २०७२।३।१९ को निर्णय निवेदिकाको हकमा कार्यान्वयन नगर्नु नगराउनु र निजको मार्कसिट कन्या मन्दिर उच्च माध्यमिक विद्यालय काठमाडौंमा पठाउनु भनी विपक्षी परीक्षा नियन्त्रण कार्यालय, माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति, सानोठिमी र जिल्ला शिक्षा कार्यालय, काठमाडौंको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति